कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# सागर डिष्टिलरी लिमिटेड

# SAGAR DISTILLERY LIMITED

SAGAR DISTILLERY

**रजिष्टर्ड कार्यालय** : देवचुली नगरपालिका-१, नवलपरासी (ब.सु.पू), नेपाल ।
**फोन नं.** : ९८०१८८०२२८
E-mail: info@sagardistilleries.com Website: www.sagardistilleries.com

को

# विवरणपत्र

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

सागर डिष्टिलरी लिमिटेडले यस विवरणपत्र मार्फत् आफ्नो जारी पूँजी रु. ७२,६०,००,०००/- (अक्षरेपी बहत्तर करोड साठी लाख रुपैंया मात्र) को २०% प्रतिशतले हुन आउने कूल अर्थात १४,५२,००० कित्ता साधारण शेयर सर्वसाधारणका लागि निष्काशन गर्नेछ । जसमध्ये सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशतले हुन आउने अर्थात रु. १,४५,२०,०००/- (अक्षरेपी एक करोड पैतालिस लाख बिस हजार मात्र) रकम बराबरको रु. १००/- अङ्कित दरमा १,४५,२०० कित्ता नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुलाई, ५ प्रतिशत अर्थात ७२,६०० कित्ता शेयर सामूहिक लगानी कोषहरुलाई बाँडफाँड गरी, ३ प्रतिशत अर्थात ४३,५६० कित्ता शेयर यस कम्पनीमा कार्यरत कर्मचारीहरुलाई बाँडफाँड पश्चात् बाँकी रहेको ११,९०,६४० कित्ता शेयर अन्य सर्वसाधारणहरुका लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ र धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को अधिनमा रही निष्काशन गरिएको ।

**दरखास्त साथ प्रति शेयर अंकित मूल्य रु.१००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**कम्पनीको नेटवर्थ सम्बन्धी विवरण :**

| विवरण | वास्तविक (आ.व.) | | | अपरिष्कृत | प्रक्षेपित (आ.व.) | | |
|---|---|---|---|---|---|---|---|
| | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| प्रति शेयर आम्दानी (EPS) (रु.) | (३५.३३) | (१२.४६) | (३.७१) | ०.५९ | २.०७ | ६.८९ | १५.८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | ३७.२४ | १८.७२ | १०६.५२ | १०६.८७ | १०७.५७ | ११४.४५ | १३०.२७ |
| जगेडा कोष तथा संचित नाफा/(नोक्सान) | (९४,१४३,६३१) | १०,६३६,२७४ | २३१,३९५,३६८ | २३३,४०८,५६७ | २४८,४५९,१०२ | २९८,४५६,२४४ | ४१३,३०५,७३९ |

*नोटः कम्पनीको नेटवर्थ गणना गर्दा पूर्नमूल्याङ्कन कोषमा भएको रकम समावेश गरिएको छैन । साथै, नेटवर्थ सम्बन्धी विवरण लेखापरिक्षकबाट प्रमाणित भएको ।*

**लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरणः** यस कम्पनीको साधारण लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period) ९ वर्ष हुनेछ र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) ११ वर्ष हुनेछ ।

**खुद वर्तमान मूल्य (Net Present Value (NPV)):** रु. १,८५०,१७२,८५२ /- **आन्तरिक प्रतिफल दर IRR (%):** २७.२५%

## लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ग.८ (पृष्ठ नं.१९) मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धि निर्णय लिन सुझाव गरिन्छ ।

## नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

## क्रेडिट रेटिङ्ग सम्बन्धि विवरण

यस विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेड, बानेश्वर, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८२/०४/०८ मा "[IRN B+ (IS)" Single B Plus (Issuer) प्रमाणपत्र प्राप्त गरेको छ । उक्त रेटिङ्गले कम्पनीको वित्तीय दायित्व वहन गर्ने क्षमतामा उच्च जोखिम रहेको (Issuers with this rating are considered to have the high risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउँदछ । इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडले IRN AAA(Is) देखि IRN D(Is) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ । जसमा IRN AAA(Is) ले Highest degree of Safety Regarding Timely Servicing of Financial Obligation भन्ने जनाउँछ भने IRN D(Is) ले In Default or are Expected to be in Default soon भन्ने जनाउँछ । यस सम्बन्धि विवरण पत्रको दफा ग.२२ (ट) (पृष्ठ नं.४६) उल्लेखि गरिएको छ ।

**क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति :** २०८२/०४/०८ **क्रेडिट रेटिङ्ग ग्रेड बहाल रहने मिति :** २०८३/०४/०७

यस विवरणपत्र मार्फत कर्मचारीहरुलाई साधारण शेयर बाँडफाँड भएको मितिले तीन वर्ष पूरा नभएसम्म बिक्री वितरण गर्न पाइने छैन । साथै, सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम सामूहिक लगानी कोषले खरिद गरेको धितोपत्र संगठित संस्थाले सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरी बाँडफाँड भएको मितिले ६ (छ) महिना पुरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न पाउने छैन ।

**मिति २०७२/७/२४ मा स्वीकृत भएको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन र मिति २०८२।०३।०४ गते स्वीकृत भएको परिमार्जित IEE प्रतिवेदनमा स्थानीय प्राकृतिक स्रोत र साधनलाई कच्चा पदार्थको रुपमा प्रयोग नहुने उल्लेख भएको र उक्त प्रतिवेदनको आधारमा परियोजनाले प्रभावित क्षेत्रका बासिन्दाहरुलाई प्रभावित नगरेको।**

| | |
|---|---|
| नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्रमा स्वीकृति प्राप्त मिति २०८२/०४/१२ | कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता मिति २०८२/०४/१५ |

**सर्वसाधारणहरुका लागि साधारण शेयरको बिक्री खुला अवधिः**

| | |
|---|---|
| धितोपत्र निष्काशन खुल्ला हुने मिति : २०८२/०५/३० | धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा) : २०८२/०६/२ (बैंकिङ्ग समय पश्चात्) |
| | धितोपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०८२/०६/१३ (बैंकिङ्ग समय पश्चात्) |

## धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :

**मुक्तिनाथ क्यापिटल लि.**
**MUKTINATH CAPITAL LTD.**
A Subsidiary of Muktinath Bikas Bank Ltd.

नारायणचौर, नक्साल, काठमाण्डौ ।
फोन नं.: ०१-४५४६१०८, ४५४६४७०
Email: info@muktinathcapital.com,
Website: www.muktinathcapital.com

**ख १ विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शव्दावलीको परिभाषा :**

क) **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ ।

ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले मुक्तिनाथ क्यापिटल लिमिटेड नारायणचौर, नक्साल, काठमाण्डौ सम्झनु पर्दछ ।

ग) **"धितोपत्र"** भन्नाले संगठित संस्थाले जारी गरेको शेयर बुझाउँदछ ।

घ) **"संगठित संस्था/कम्पनी"** भन्नाले देवचुली नगरपालिका-१, नवलपरासीमा रजिष्टर्ड कार्यालय रहेको र काठमाडौं महानगरपालिका-१, लालदरबार मार्ग, काठमाडौंमा कर्पोरेट कार्यालय/शाखा कार्यालय रहेको निष्काशनकर्ता कम्पनी सागर डिष्टिलरी लिमिटेड सम्झनु पर्दछ ।

ङ) **"संकलन केन्द्र"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थालाई वा सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फाराम प्राप्त गर्न सकिने तथा दरखास्त फारामका साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थालाई सम्झनु पर्दछ ।

च) **"निष्काशन बैंक"** भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंक सम्झनु पर्दछ ।

छ) **"नियमन निकाय"** भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग, नेपाल धितोपत्र बोर्ड तथा कानून बमोजिमका अन्य निकाय सम्झनु पर्दछ ।

ज) "**संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन**" भन्नाले सागर डिष्टिलरी लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन सम्झनु पर्दछ ।

झ) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्ड सम्झनु पर्दछ ।

ञ) **"आस्वा सदस्य"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट आस्वा सदस्यता लिएका बैंक तथा वित्तीय संस्था सम्झनु पर्दछ ।

ट) **"आधारभूत शेयरधनी"** भन्नाले सागर डिष्टिलरी लिमिटेडको कुल चुक्ता पूँजीको १ (एक) प्रतिशत वा सो भन्दा बढी शेयर धारण गरेको शेयरधनीलाई सम्झनु पर्दछ ।

ठ) **"खुद सम्पत्ति (नेट-वर्थ)"** भन्नाले संगठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरुको कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकी रहन जाने रकम सम्झनु पदर्छ ।

ड) **"प्रति शेयर नेटवर्थ"** भन्नाले कम्पनीको वासलातमा रहेको शेयर पूँजी, शेयर प्रिमियम तथा जगेडा कोष लगायतका कुनै पनि प्रकारको सञ्चित कोषको कुल जोडलाई जम्मा साधारण शेयर संख्याले भाग गर्दा आउने भाग फललाई जनाउँदछ ।

ढ) **"प्रति शेयर आम्दानी"** भन्नाले संस्थाको खुद मुनाफालाई कुल शेयर संख्याले भाग गर्दा आउने प्रतितफल सम्झनु पर्दछ ।

ण) **"वित्तिय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय–व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ ।

त) **"वैदेशिक रोजगारमा रहेका नेपाली"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकहरु सम्झनु पर्दछ ।

थ) **"कम्पनीका कर्मचारीहरु"** भन्नाले सागर डिष्टिलरी लिमिटेडका पदाधिकारीहरु लगायतका कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

ढ) **"सि-आस्वा (C-ASBA) सदस्य"** भन्नाले सार्वजनिक निष्काशन भएको धितोपत्र खरिदका लागि दरखास्त संकलन गर्न तथा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ को दफा ५ बमोजिम बोर्डबाट अनुमति प्राप्त गरेको बैंक वा वित्तीय संस्था सम्झनु पर्दछ ।

ण) **"यू.पि."** भन्नाले लण्डन प्रुफ भन्दा कम शक्ति सम्झनुपर्दछ ।

**ख २.विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान :**

| क.सं | विवरणपत्र प्राप्त गर्न सकिने स्थानहरु : |
|---|---|
| १. | मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ र वेबसाइट www.muktinathcapital.com |
| २. | सागर डिष्टिलरी लिमिटेड, देवचुली नगरपालिका-१, नवलपरासी (रजिष्टर्ड कार्यालय), काठमाडौं महानगरपालिका-१, काठमाडौं (कर्पोरेट कार्यालय) र वेबसाइट www.sagardistilleries.com |
| ३. | नेपाल धितोपत्र बोर्डको वेबसाइट www.sebon.gov.np बाट समेत प्राप्त सकिनेछ । |

| **वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा अन्य सर्वसाधारणका लागि दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानहरु :** |
|---|
| नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्मित गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

## ग. १.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

## ग. २. संगठित संस्थाको उद्घोषण :

**(क) संचालकको जिम्मेवारी तथा जवाफदेहीता सम्बन्धी उद्घोषणः**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरूका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरूको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरू व्यक्तिगत वा सामूहिक रूपमा जवाफदेहीता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरूको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरू सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरूलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाएका छैनौं ।

**(ख) संगठित संस्थाको जवाफदेहीता सम्बन्धी उद्घोषण :**

यस सागर डिष्टिलरी लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**(ग) निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै, सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरू नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि., कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग र अरु नियमनकारी निकायहरुमा पेश गरेका छौं । साथै, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नुपर्ने आ.व. २०८०/८१ सम्मको विवरणहरु पेश गरी उक्त कार्यालयको मिति २०८१/०६/११ को निर्णयानुसार आ.व. २०८०/८१ सम्मको लागि कम्पनी अध्यावधिक रहेको जानकारी गराउदछौं ।

**(घ) संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषणः**

(१) यस संगठित संस्थाको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा आधारभूत शेयरधनी कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस संगठित संस्थाको सञ्चालक, कार्यकारी प्रमुख तथा आधारभूत शेयरधनी कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्काशनमार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरूको हितविपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक, कार्यकारी प्रमुख तथा आधारभूत शेयरधनी छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक, कार्यकारी प्रमुख तथा आधारभूत शेयरधनी छैनन् ।

(५) यस संगठित संस्थाको सञ्चालक, कार्यकारी प्रमुख, महाप्रबन्धक वा सो सरहको पद धारण गरेको व्यक्ति धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०८ बमोजिम सो पद धारण गर्न अयोग्य रहेका छैनन् ।

**ग ३.संगठित संस्था सम्बन्धी जानकारी :**

**ग ३.क)संगठित संस्थाको पृष्ठभूमि :**

**(अ) संगठित संस्थाको नामः** सागर डिष्टिलरी लिमिटेड ( Sagar Distillery Limited )।

**(आ) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(इ) संस्थाको रजिष्टर्ड ठेगाना :** यस संगठित संस्थाको रजिष्टर्ड कार्यालय देवचुली नगरपालिका वडा नं. १, नवलपरासी (ब.सु.पू) जिल्ला, नेपाल रहेको छ । सम्बन्धित निकायको स्वीकृति लिई अन्य स्थानमा पनि शाखा तथा सम्पर्क कार्यालय खोल्न वा रजिष्टर्ड कार्यालय सार्न सकिनेछ ।

**(ई) कारोबार गर्ने मुख्य स्थान :** यस संगठित संस्थाको कारोबार गर्ने स्थान मुख्य कम्पनीको कर्पोरेट कार्यालय काठमाडौं महानगरपालिका वडा नं. १, लालदरबार मार्ग, काठमाडौंमा रहेको छ । यस कम्पनीको उद्योग नवलपरासी (ब.सु.पू) जिल्ला, देवचुली नगरपालिका, वडा नं. १, केउरेनीमा रहेको छ ।

**(उ) संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**
**यस कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छः**

१) यस सागर डिष्टिलरी लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६९ साल कार्तिक २६ गते आफ्नो उद्देश्य बमोजिम देवचुली नगरपालिका वडा नं. १, नवलपुर जिल्लामा विभिन्न प्रकारका पेय पदार्थ उत्पादन तथा विक्रि वितरण गर्न प्राइभेट कम्पनीको रुपमा संस्थापना भएकोमा मिति २०८० साल जेष्ठ ७ गते प्राइभेट कम्पनीबाट पब्लिक कम्पनीको रुपमा परिणत भई श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०।०२।१९ गतेको कारोबार स्वीकति पश्चात् सागर डिष्टिलरी लिमिटेडको नाममा पब्लिक कम्पनीका रुपमा कारोबार संचालन गर्दै आइरहेको छ ।

२) मदिरा उत्पादन गर्ने उद्देश्य साथ मिति २०७२ साल कार्तिक २४ गते नेपाल सरकार, उद्योग विभागमा दर्ता नं. ३०३३।१४९।०७२-०७३ मा उद्योग दर्ता भएकोमा मिति २०८१ साल साउन ३२ गते श्री उद्योग विभागमा यस कम्पनीको उद्योगलाई प्रा.लि. बाट पब्लिक लिमिटेड कम्पनीमा परिणत गरी अद्यावधिक गरिएको ।

३) मिति २०६९।०८।०१ गते आन्तरिक राजश्वक कार्यालयमा आयकर तथा मु.अ. करमा दर्ता भई यस कम्पनीको स्थायी लेखा नं. ६००८२८९४१ रहेको छ र मिति २०७८।०६।१८ गते अन्तः शुल्कमा दर्ता भई सम्बन्धित ईजाजतपत्र प्रत्येक आ.व. मा नविकरण गर्दै इजाजतपत्र कायम रहेको छ । आ.व. २०८१।८२ सम्म उक्त ईजाजतपत्र नविकरण रहेकोमा आ.ब. २०८२।८३ को लागि मिति २०८२ श्रावण मसान्त भित्र नविकरण गर्नुपर्ने व्यवस्था रहेको हुँदा सो अवधि भित्र नविकरण गर्ने तर्जुमा गरिएको ।

४) यस कम्पनीले आन्तरिक राजश्व विभागबाट मिति २०७८।०७।१६ गते Lollipop Gold नामक ७० यू.पि. शक्तिको मदिराको व्यवसायिक उत्पादन गर्नका लागि अनुमति प्राप्त भएपश्चात् सो को उत्पादन गरी विक्रि वितरण गर्दै आइरहेको छ । त्यसैगरी आन्तरिक राजश्व विभागबाट मिति २०७८।१०।१२ गते Lollipop Silver र Lollipop Litchi नामक ब्रान्डहरुको व्यवसायिक उत्पादन गर्नका लागि अनुमति प्राप्त भएको र मिति २०७८।०८।२१ गते Lollipop Silver, Lollipop Apple, Lollipop Lemon, Lollipop Orange, Lollipop Saufi र Lollipop XXX ब्रान्डहरुको व्यवसायिक उत्पादन गर्नका लागि अनुमति प्राप्त भएपश्चात् सो को उत्पादन गरी विक्रि वितरण गर्दै आइरहेको छ ।

५) साथै, आन्तरिक राजश्व विभागबाट मिति २०७८।११।२३ गते Grey Wolf नामक ब्रान्डको व्यवसायिक उत्पादन गर्नका लागि अनुमति प्राप्त भएपश्चात् सो को उत्पादन गरी विक्रि वितरण गर्दै आइरहेको छ । साथै, आन्तरिक राजश्व कार्यालयको मिति २०८०।११।२० गतेको अनुमति अनुरुप यस ब्रान्डलाई परिमार्जन गरी उत्पादन गर्दै आइरहेको छ ।

६) त्यसैगरी, यस कम्पनीले आन्तरिक राजश्व विभागबाट मिति २०७८।१२।०७ गते SD's Royal Blue नामक ४० यू.पि. शक्तिको मदिराको व्यवसायिक उत्पादन गर्नका लागि अनुमति प्राप्त भएपश्चात् सो को उत्पादन गरी विक्रि वितरण गर्दै आइरहेकोमा आन्तरिक राजश्व कार्यालयको मिति २०७९।०५।२२ गतेको अनुमति अनुरुप यस ब्रान्डलाई परिमार्जन गरी उत्पादन तथा विक्रि गर्दै आइरहेको छ ।

७) यस कम्पनीले आन्तरिक राजश्व विभागबाट मिति २०७९।११।१५ गते Berries & Blues नामक ब्रान्डको व्यवसायिक उत्पादन गर्नका लागि अनुमति प्राप्त भएपश्चात् सो को उत्पादन गरी विक्रि वितरण गर्दै आइरहेको छ ।

८) यस कम्पनीले आन्तरिक राजश्व विभागबाट मिति २०८०।०३।११ गते Nepse Bulls नामक ब्रान्डको व्यवसायिक उत्पादन गर्नका लागि अनुमति प्राप्त भएपश्चात् सो को उत्पादन गरी विक्रि वितरण गर्दै आइरहेको छ ।

९) त्यसैगरी आन्तरिक राजश्व कार्यालयको मिति २०८०।११।२० गतेको अनुमति अनुरुप Lollipop PAANRAS नामक ब्रान्डलाई उत्पादन गर्दै आइरहेको छ ।

१०) त्यसैगरी, यस कम्पनीले आन्तरिक राजश्व विभागबाट मिति २०८१।०४।१० गते The Governor नामक ब्रान्डको व्यवसायिक उत्पादन गर्नका लागि अनुमति प्राप्त भएपश्चात् सो को उत्पादन गरी विक्रि वितरण गर्दै आइरहेको छ ।

माथि यस कम्पनीले उत्पादन गरी विक्रि वितरण गर्दै आइरहेको मदिराका विभिन्न ब्रान्डहरुको सम्बन्धमा श्री आन्तरिक राजश्व विभागबाट व्यवसायिक उत्पादन गर्न प्राप्त अनुमति सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

यस कम्पनीले मदिराको व्यवसायको विभिन्न विभागबाट अनुमति प्राप्त गरेको विवरण, ब्राण्डको नाम ,शक्ति र साइज सम्बन्धी विवरण तालिका:

| क्र.सं. | ब्रान्डको नाम | यू.पि. शक्ति | साइज | व्यवसायिक उत्पादन अनुमति प्राप्त गरेको मिति | अनुमति प्रदान गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | Nepse Bulls | ३० यू.पि. | ७५० मि.लि. | २०८०।०३।११ | आन्तरिक राजश्व विभाग र कार्यालय | |
| २ | The Governor | २५ यू.पि. | ७५० मि.लि. | २०८१।०४।१० | | |
| ३ | SD's Royal Blue | ४० यू.पि. | ७५०, ३७५ र १८० मि.लि. | २०७८।१२।०८, २०७९।०५।२२ | | २०७९।०५।२२ गतेको अनुमति अनुरुप ब्रान्डलाई परिमार्जन गरी अद्यावधिक गरिएको । |
| ४ | Grey Wolf | ४० यू.पि. | ७५० र १८० मि.लि. | २०७८।११।२३, २०८०।११।२० | | २०८०।११।२० गतेको अनुमति अनुरुप ब्रान्डलाई परिमार्जन गरी अद्यावधिक गरिएको । |
| ५ | Berries & Blues | ४० यू.पि. | ७५० र १८० मि.लि. | २०७९।११।१५ | | |
| ६ | MAXX | ४० यू.पि. | ७५०/३७५/१८० मि.लि. | २०८२।०१।११ | | |
| ७ | Lollipop Gold | ७० यू.पि. | ३०० मि.लि. | २०७८।०७।१६ | | |
| ८ | Lollipop Silver | ७० यू.पि. | ३०० मि.लि. | २०७८।१०।१२ | | |
| ९ | Lollipop Litchi | ७० यू.पि. | ३०० मि.लि. | २०७८।१०।१२ | | |
| १० | Lollipop Apple | ७० यू.पि. | ३०० मि.लि. | २०७८।०८।२१ | | |
| ११ | Lollipop Lemon | ७० यू.पि. | ३०० मि.लि. | २०७८।०८।२१ | | |
| १२ | Lollipop Orange | ७० यू.पि. | ३०० मि.लि. | २०७८।०८।२१ | | |
| १३ | Lollipop Saufi | ७० यू.पि. | ३०० मि.लि. | २०७८।०८।२१ | | |
| १४ | Lollipop XXX | ७० यू.पि. | ३०० मि.लि. | २०७८।०८।२१ | | |
| १५ | Lollipop PAANRAS | ७० यू.पि. | ३०० मि.लि. | २०८०।११।२० | | |

११) साथै, यस कम्पनीले Malt and Grain Spirit उत्पादन गर्नका लागि श्री उद्योग विभागबाट मिति २०८१।०९।२४ गते कम्पनीको उद्योगको पुँजी र क्षमता वृद्धिका लागि अनुमति प्राप्त गरी परिमार्जित प्रारम्भिक वातावरणीय प्रतिवेदन समेत स्वीकृत भइसकेको तर सो संचालनका लागि अन्य आवश्यक प्रक्रियाहरु पुरा गरिरहेको अवस्था रहेको छ ।

**१२) कम्पनीको व्यवसायिक मोडलः**

क) कम्पनीले आफ्नो ब्रान्डको मदिराको उत्पादन गर्नका लागि सो ब्रान्डमा निहित बौद्धिक सम्पत्ति अधिकार सुरक्षित गर्नका लागि श्री उद्योग विभागमा ट्रेडमार्क दर्ता सम्बन्धी आवश्यक प्रक्रिया अघि बढाई सो आवेदन उद्योग विभागबाट प्रकाशन हुने औद्योगिक सम्पत्ति बुलेटिनमा प्रकाशन गर्ने निर्णय भए पश्चात् उक्त मदिराको उत्पादन पूर्व आन्तरिक राजश्व कार्यालयबाट मदिरा परिक्षण सम्बन्धी स्वीकृति प्राप्त गरिन्छ । स्वीकृति प्राप्त भए पश्चात् नमुना परिक्षणका लागि उत्पादन गरिन्छ ।

ख) त्यस पश्चात् व्यवसायिक उत्पादन गर्नका लागि श्री आन्तरिक राजश्व कार्यालयबाट व्यवसायिक उत्पादनको स्वीकृति प्राप्त गरी मदिराको व्यवसायिक उत्पादन गरिन्छ ।

ग) कम्पनीको फ्याक्ट्रीबाट उत्पादन भएका मदिराहरुको विक्रि वितरण पूर्व सो को मूल्य सूची राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी सार्वजनिक गरिन्छ । यसरी सो सूचनामा मदिराको विक्रि वितरण हुने वितरण संजालमा संलग्न प्रत्येक व्यवसायिक वितरकको लागि विक्रि मूल्य र कमिसन प्रकाशन गरी सो अनुरुप उपभोक्ताका लागि अधिकतम खुद्रा मूल्य समेत तय गरिन्छ ।

घ) अतः कम्पनीले उत्पादन गरेका मदिराहरु राष्ट्रिय वितरक, क्षेत्रीय वितरक, वितरक, थोक विक्रेता, खुद्रा विक्रेता हुँदै उपभोक्ताका लागि विक्रि वितरण गरिन्छ ।

**यस कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:**

क) Blended Liquor, Rectified Spirit, Extra Natural Alcohol तथा Distillers Wet Grain Solubles उत्पादन गर्ने, गराउने ।

ख) विभिन्न Brand बाट उत्पादित मदिराहरु स्वदेश तथा भारत लगायत तेश्रो मुलुकहरुमा समेत विक्रि तथा निर्यात गर्ने ।

ग) विभिन्न किसिमका पेट वोटल्सहरु लगायत काँचका सिसिहरु उत्पादन गर्ने ।

घ) विभिन्न किसिमका प्याकिङ्ग कार्टुनहरु, टेपहरु लगायत अन्य प्याकिङ्गका मेटेरियल्सहरु उत्पादन गर्ने ।

(ङ) मिनरल वाटर, सोडा लगायत विभिन्न स्वादका हल्का पेय पदार्थहरु उत्पादन गर्ने ।

(च) कम्पनीको नामबाट संस्थागत लगानीकर्ताको रुपमा विभिन्न कम्पनीहरुको धितोपत्रहरुमा लगानी गर्ने वा खरिद विक्रि गर्ने ।

**संस्थाले विभिन्न नियमन निकायबाट हालसम्म प्राप्त गरेको स्वीकृति/अनुमति/इजाजतको संक्षिप्त विषयवस्तु :**

| विभिन्न नियामक निकाय | स्वीकृति/ अनुमति/ ईजाजत पत्रको संक्षिप्त विषय वस्तु | ईजाजतपत्र प्राप्त मिति (वि.सं.मा) |
|---|---|---|
| कम्पनी रजिष्ट्रारको कार्यालय | कम्पनी दर्ता | २०६९।०७।२६ |
| आन्तरिक राजश्व कार्यालय | स्थायी लेखा नं, मु.अ.कर, अन्तःशुल्क दर्ता | २०६९।०८।०१ |
| उद्योग विभाग | उद्योग दर्ता | २०७२।०७।२४ |
| भन्सार विभाग | EXIM Code दर्ता | २०७४।०४।०६ |
| कम्पनी रजिष्ट्रारको कार्यालय | कारोबारको स्वीकृती | २०८०।०२।१९ |
| देवचुली नगरपालिका | व्यवसाय दर्ता | २०७२।०९।२७ |
| काठमाडौं महानगरपालिका | | २०८०।०८।२४ |

**<u>कम्पनीको वित्तीय परिसूचक:</u>**
**लगानी फिर्ता हुने अवधि, इन्टर्नल रेट अफ रिर्टन तथा नेट प्रजेण्ट भ्यालूको गणना तालिका**

**रकम रु. मा**

| संचालन वर्ष | कर पछिको नाफा | व्याज र ह्रासकट्टी | नगद नाफा | थप | जम्मा नगद प्रवाह | साधारण लगानी फिर्ता | सञ्चित नगद नाफा | डिस्काउन्टिङ्ग फ्याक्टर (१०%) | सञ्चित डिस्काउन्टिङ्ग फ्याक्टर (१०%) |
|---|---|---|---|---|---|---|---|---|---|
| २०८०/८१ | | | | (४९१,३१८,७९४) | (४९१,३१८,७९४) | (४९१,३१८,७९४) | | (४९१,३१८,७९४.००) | (४९१,३१८,७९४) |
| २०८१/८२ | ३,४२८,७९९ | ३३,१५७,३४७ | ३६,५८६,१४७ | (१७,४८५,४७५) | १९,१००,६७२ | (४७२,२१८,१२२) | ३६,५८६,१४७ | १७,३६४,२४६.८३ | (४७३,९५४,५४७) |
| २०८२/८३ | १५,०५०,५३४ | ३३,१५७,३४७ | ४८,४८३,८७४ | (३३४,३८८,८१४) | (२८५,९०४,९३९) | (७५८,१२३,०६२) | ८५,०७०,०२१ | (२३६,२८५,०७३.८३) | (७१०,२३९,६२१) |
| २०८३/८४ | ४९,९९७,१४२ | ४८,४८३,८७४ | ५७,८३७,९४६ | – | ५७,८३७,९४६ | (७००,२८५,११६) | १४२,९०७,९६७ | ४३,४५४,५०४.८९ | (६६६,७८५,११६) |
| २०८४/८५ | ११४,८४९,४९५ | ५७,८३७,९४६ | ४९,३७७,६९६ | – | ४९,३७७,६९६ | (६५०,९०७,४२०) | १९२,२८५,६६३ | ३३,७२५,६३०.७१ | (६३३,०५९,४८५) |
| २०८५/८६ | १८३,०२२,०२० | ४९,३७७,६९६ | ४१,२६८,८०३ | – | ४१,२६८,८०३ | (६०९,६३८,६१७) | २३३,५५४,४६६ | २५,६२४,६७९.७७ | (६०७,४३४,८०६) |
| २०८६/८७ | १५०,३४१,७९१ | ४४,०८६,५६२ | ३९,०१९,९५४ | – | ३९,०१९,९५४ | (५७०,६१८,६६३) | २७२,५७४,४२० | २२,०२५,७४६.७२ | (५८५,४०९,०५९) |
| २०८७/८८ | २९२,५००,००५ | ४१,२६८,८०३ | १३,८३१,९६४ | | १३,८३१,९६४ | (५५६,७८६,६९९) | २८६,४०६,३८४ | ६,४५२,७१३.५१ | (५७८,९५६,३४५) |
| २०८८/८९ | ३८१,१८४,८६३ | ३९,०१९,९५४ | ३१६,६३९,६५८ | | ३१६,६३९,६५८ | (२४०,१४७,०४१) | ६०३,०४६,०४२ | १३४,२८६,१२४.७४ | (४४४,६७०,२२१) |
| २०८९/९० | ४९३,२२९,२२४ | ३६,८६८,२८६ | ७५२,८८१,२७६ | | ७५२,८८१,२७६ | ५१२,७३४,२३६ | १,३५५,९२७,३१९ | २९०,२६८,३२३.८६ | (१५४,४०१,८९७) |
| २०९०/९१ | ६१६,१७९,०३० | २३,६४५,५४३ | ४७५,८९९,९४८ | | ४७५,८९९,९४८ | ९८८,६३४,१८३ | १,८३१,८२७,२६६ | १६६,८००,०२८.४० | १२,३९८,१३२ |
| टर्मीनल भ्यालु | | | ५,७६७,७२४,३३२ | | ५,७६७,७२४,३३२ | ६,७५६,३५८,५१५ | ७,५९९,५५१,५९८ | १,८३७,७७४,७२०.२९ | १,८५०,१७२,८५२ |

| | |
|---|---|
| खुद वर्तमान मूल्य (रु) – **Net Present Value (Rs.)** | १,८५०,१७२,८५२/– |
| प्रोजेक्ट इन्टर्नल रेट अफ रिर्टन – **IRR (%)** | २७.२५% |
| साधारण लगानी फिर्ता हुने अवधि – **Normal Payback Period (Years)** | ९ वर्ष |
| डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि – **Discounted Payback Period (Years)** | ११ वर्ष |

**(ऊ) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको ।

**(ए) अन्य विवरणहरु :**

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :**

Blended Liquor, Rectified Spirit, Extra Natural Alcohol, Malt and Grain Spirit तथा Distillers Wet Grain Solubles उत्पादन, विभिन्न Brand बाट उत्पादित मदिराहरु विक्रि वितरण गर्ने, बिभिन्न किसिमका पेट वोटल्सहरु लगायत काचका सिसाहरु, विभिन्न किसिमका प्याकिङ्ग कार्टुनहरु, टेपहरु लगायत अन्य प्याकिङ्गका मेटिरियल्सहरु, मिनरल वाटर, सोडालगायत बिभिन्न स्वादका हल्का पेय पदार्थहरु उत्पादन गर्ने ।

**(२) प्रयोग भएको वा गरिने प्रविधि :**

क) मदिराको हकमा प्रयोग गरिने विधि Blending and bottling process with semi-automatic machine रहेको छ । मदिरा उत्पादन प्रक्रियामा प्रयोग हुने पानीको मिनिरल्स तथा कडापनलाई हटाउनका लागि Demineralized Plant (DM Plant) जडान गरिएको छ । त्यसैगरी, यस कम्पनीले उत्पादनका लागि आवश्यक कच्चा पदार्थहरु जस्तै ENA, Rectified Spirit, flavour लगायतलाई ब्लेण्डिङ मेसिनद्वारा मिश्रण गर्नका लागि Stainless Steel Vessel/Tanks को प्रयोग गरिन्छ ।

ख) कम्पनीले उत्पादन गर्ने मदिरा मध्ये भोड्कालाई ब्लेन्ड गर्नका लागि Russian Multi-graded filtration System प्रयोग गरिएको छ जसले ब्लेन्डलाई राम्रो तथा चम्किलो बनाउन सहयोग गर्छ । त्यसैगरी उत्पादनमा हुन सक्ने अनावश्यक कणहरु फिल्टर गर्न तथा ब्लेन्डलाई चम्किलो बनाउनका लागि १५ तहको फिल्टर भएको Sparkler Filtration System प्रयोग गरिएको छ ।

ग) मिश्रण टैंकबाट उक्त मिश्रणलाई Semi-automatic bottling system द्वारा प्रत्येक बोतलमा भरी कार्टुन बाकसमा प्याकेजिङ्ग गरिन्छ ।

घ) माल्टको हकमा जौ तथा अन्य अन्नलाई भिजाइ तुसा पलाउन लगाइ Boiler machine मा तताए पश्चात् वाष्पीकरणको माध्यमबाट तरल पदार्थमा परिणत गर्न डिष्टिलेसन प्रक्रियाद्वारा माल्ट उत्पादन गरिनेछ । माल्ट उत्पादनको सम्बन्धमा हाल कम्पनीले उद्योगको पुँजी र क्षमता वृद्धिका लागि उद्योग विभागबाट अनुमति प्राप्त गरी परिमार्जित प्रारम्भिक वातावरणीय प्रतिवेदन समेत स्वीकृत भइसकेको तर सो संचालनका लागि अन्य आवश्यक प्रक्रियाहरु पुरा गरिरहेको अवस्था रहेको छ ।

(३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :**
यस कम्पनीले उत्पादन गर्ने मदिराहरुमा प्रयोग गर्न कम्पनीको नाममा देहाय बमोजिमका ट्रेडमार्कहरु दर्ता भएका छन् ।

| **Name of Trademark** | **Certificate No.** |
|---|---|
| SD's ROYAL BLUE | 043099 |
| NEPSE BULLS | 060283 |
| THE BERRIES AND BLUES | 060090 |
| GREY WOLF TRIPLE DISTILLED | 061244 |
| LOLLIPOP ORANGE | 061240 |
| LOLLIPOP SAUFI | 061241 |
| LOLLIPOP XXX | 061242 |
| LOLLIPOP APPLE | 061238 |
| LOLLIPOP LEMON | 061239 |
| LOLLIPOP SILVER | 061245 |
| GREY WOLF (Platinum Filtered) | 061237 |
| LOLLIPOP PAANRAS | 060089 |
| THE GOVERNOR | (Approval for commercial production obtained, Published in IP Bulletin, in process) |
| MAXX | 066840 |

उक्त ट्रेडमार्क चिन्ह लगायत कम्पनीले प्राप्त गरेका अन्य प्रमाण पत्रहरु कम्पनीको औद्योगिक सम्पत्ति तथा बौद्धिक सम्पत्तिको हक कम्पनीमा सुरक्षित रहेका छन् ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्रः** यस कम्पनीले उत्पादित मदिरा बिक्री वितरणका लागि उपयुक्त वितरण प्रणाली अपनाएको छ । यसका लागि देशैभरि क्षेत्रीय वितरक तथा वितरक (डिस्ट्रिब्युटर्स) नियुक्त गरी सम्बन्धित वितरकसँग सम्झौता गर्दै आइरहेको छ । कम्पनीले ओगटेको प्रमुख बजार क्षेत्र नेपालभरी नै रहेको छ । विशेषतः कम्पनीको उद्योग रहेको जिल्ला नवलपरासी र अन्य जिल्लाहरु जस्तै काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, मकवानपुर, इटहरी, धनगढी, पोखरा, विरगंज, झापा, सुनसरी, सप्तरी, उदयपुर, सिराहा, खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु, सर्लाही, बारा, पर्सा, चितवन, लमजुङ, नेपालगंज, लगायतका क्षेत्रहरु कम्पनीले ओगटेको प्रमुख बजार क्षेत्रहरु हुन् । कम्पनीले आ.व. २०८०।८१ मा १,०९,१०२ केस मदिरा उत्पादन गरी विक्रि वितरण गरेको छ भने आ.व. २०७९।८० र २०७८।७९ मा क्रमशः ३२,७८० केस र ५८,२१७ केस मदिरा विक्रि वितरण गरेको छ । साथै, आ.व. २०८१।८२ को जेठ मसान्तसम्ममा ७६,३२४ केस मदिरा उत्पादन गरी विक्रि वितरण गरेको छ ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजनाः** हाल यस कम्पनीले २५ यू.पि., ३० यू.पि., ४० यू.पि. र ७० यू.पि. शक्ति को विभिन्न मदिराहरु उत्पादन गर्दै आएकोमा आगामी दिनमा आउन सक्ने बजारको प्राथमिकता र मागलाई ध्यानमा राखी विभिन्न यू.पि. शक्तिका अन्य विभिन्न प्रिमियम तथा नियमित ब्रान्डका मदिरा उत्पादन गरी बजारको आवश्यकतालाई परिपूर्ति गर्ने योजना राखेको छ । कम्पनीले विभिन्न यू.पि. शक्तिका मदिराहरु उत्पादन गरी उत्पादनलाई विविधिकरण गर्न सक्ने गरी संरचना बनाएको छ । साथै, कम्पनीले श्री उद्योग विभागबाट Malt and Grain Spirit उत्पादन गर्नका लागि अनुमति प्राप्त गरिसकेको हुनाले सो को व्यवसायिक उत्पादन सुरु गर्न आवश्यक पूर्वाधारहरुको व्यवस्थापन भइरहेको छ ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिकाः** : यस कम्पनीको प्रमुख बजार भनेको उत्पादित ब्रान्डहरुलाई स्वदेशमा विक्रि गर्नु हो । कम्पनीको उद्योग रहेको जिल्ला नवलपरासी र अन्य जिल्लाहरु जस्तै काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, मकवानपुर, इटहरी, धनगढी, पोखरा, विरगंज, झापा, सुनसरी, सप्तरी, उदयपुर, सिराहा, खोटाङ,

ओखलढुङ्गा, सोलुखुम्बु, सर्लाही, बारा, पर्सा, चितवन, लमजुङ, नेपालगंज, लगायतका क्षेत्रहरु कम्पनीले ओगटेको प्रमुख बजार क्षेत्रहरु हुन् । कम्पनीले आफ्नो उत्पादनहरु नेशनल वितरक मार्फत् वितरकहरुलाई विक्रि वितरण गरे पश्चात् होलसेलर, रिटेलर हुँदै ग्राहकसम्म पुर्याउने व्यवस्था गरी विक्रि वितरण गर्ने गरिएको छ । हाल कम्पनीको तीन वटा नेशनल डिष्ट्रिव्यूटरहरु रहेका छन् । कम्पनीको उद्योगबाट नियमानुसार अन्तःशूल्कको राजश्व स्टिकर टाँस भइसकेका तयारी मदिराहरु कम्पनीको गोदामबाट नेशनल डिष्ट्रिव्यूटरलाई विक्रि गरिन्छ र नेशनल डिष्ट्रिव्यूटर मार्फत् डिष्ट्रिव्यूटर तथा होलसेलरहरुलाई विक्रि गरी सो उत्पादनहरु बजारमा रिटेलर र अन्तिममा ग्राहकसम्म पुग्दछ । माल्टको हकमा उत्पादित माल्ट कम्पनीले उत्पादन गर्ने मदिराहरुमा प्रयोग गर्नुका साथै अधिक परिमाणलाई नेपाली बजारमा रहेका अन्य मदिरा उद्योगहरुलाई समेत विक्रि वितरण गरिनेछ ।

(७) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :** कम्पनीको उत्पादन क्षमता प्रति वर्ष ५०,१०,००० लि. रहेको छ भने आ.व. २०७८।७९ मा ६,२३,४८८.८६ लि. मदिरा उत्पादन गरी विक्रि वितरण गरेको छ । साथै, आ.व. २०७९।८० मा २,३०,८९१.७६ लि. उत्पादन गरेको थियो भने आ.व. २०८०।८१ मा ९,८८,५३१.२० लि. मदिरा उत्पादन गरी विक्रि वितरण गरेको छ । माल्ट उत्पादनको हकमा उत्पादन क्षमत ९,९०,००० लि. रहेको छ भने सो उत्पादन हाल सुरु भइनसकेको र निकट भविष्यमा उत्पादन गर्ने गरी परियोजनाका रुपमा रहेको हुनाले वर्तमान परिस्थितिमा उपभोग स्थिति नरहेको ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :** यस कम्पनीको मदिरा उत्पादन उत्पादनमा प्रयोग हुने कच्चा पदार्थहरु जस्तै RS, ENA, Malt, Flavour, Glass Bottles, Corks, caps, labels, packaging materials (carton, box), आदी हुन् । RS र ENA घरेलु उद्योगहरु जस्तै चिनी उद्योग तथा अन्य डिष्टिलरी उद्योगहरुबाट आपूर्ति गरिन्छ । त्यसैगरी कम्पनीले स्कटल्यण्डबाट Malt आयात गरी मदिरा उत्पादनमा प्रयोग गर्दछ । कम्पनीले Flavour तथा अन्य आवश्यक कच्चा पदार्थहरु भारत तथा अन्य देशबाट आयात गर्दछ भने Glass Bottles, Corks, caps, labels र अन्य packaging materials (carton, box) घरेलु बजारबाट तथा भारत र चीनबाट आयात गर्दछ । माल्टको हकमा प्रयोग हुने कच्चा पदार्थहरु जस्तै जौ तथा अन्य केमिकल भारतबाट आयात गरिनेछ ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था** : कम्पनीका उत्पादनहरुको गुणस्तर कायम गर्न विभिन्न चरणहरुमा परिक्षणहरु गरिन्छ । यस अन्तर्गत देहाय बमोजिम रहेको छः

- बोतल परिक्षण : बोतल सफा गर्ने तथा चर्केको वा टुटेफुटेको जाँच गर्ने ।
- मदिरा उत्पादनः बोतलमा मेसिनद्वारा मदिरा भरिन्छ जसले गर्दा ठीक परिमाणमा मदिरा भरिन्छ । कम्पनीले उत्पादन गर्ने मदिरा मध्ये भोड्कालाई ब्लेन्ड गर्नका लागि Russian Multi-graded filtration System प्रयोग गरिएको छ जसले ब्लेन्डलाई राम्रो तथा चम्किलो बनाउन सहयोग गर्दछ । त्यसैगरी उत्पादनमा हुन सक्ने अनावश्यक कणहरु फिल्टर गर्न तथा ब्लेन्डलाई चम्किलो बनाउनका लागि १५ तहको फिल्टर भएको Sparkler Filtration System प्रयोग गरिएको छ ।
- मदिराको गुण जाँच : मदिराको गुण जाँच गर्न उद्योगको आन्तरिक ल्याबमा प्रत्येक ब्याचको मदिरामा हुने अल्कोहलको मात्रा, स्वाद र सुगन्धको जाँच गरिन्छ ।
- बिर्को लगाउने तथा सिलबन्दी गर्ने : प्रत्येक बोतलहरु मेसिनबाट बिर्को जडान गरेपश्चात् प्राविधिक व्यक्तिले प्रत्येक बोतलको बिर्को ठीक तरिकाले लागेको वा नलागेको र सिलबन्दी भएनभएको जाँच गर्दछ ।
- लेबल टाँसः प्रत्येक बोतलमा नियमानुसारको लेबल टाँस गरिन्छ जसमा ब्रान्डको नाम, उत्पादकको नाम, ब्याच नं., उत्पादन मिति, अल्कोहलको मात्रा, आदी तोकिएको हुन्छ ।
- प्याकेजिङ्ग सामाग्रीः बोतललाई प्याक गर्ने कार्टुन बाकसको स्थायित्व जाँच गरी बोतललाई कार्टुन बाकसमा प्याकेजिङ्ग गरिन्छ ।

(१०) **अनुसन्धान तथा विकास :** कम्पनीले आगामी दिनका चुनौतीहरु एवं बजार प्रतिस्पर्धालाई आत्मसाथ गर्दै समयसापेक्ष रुपमा नयाँ स्वादका गुणस्तरयुक्त ब्रान्डहरुको उत्पादन गर्न अध्ययन अनुसन्धानका कार्यलाई नियमित रुपमा अघि बढाउने कार्य गर्ने गरिएको छ । बजारबाट आएका सुझाव, सल्लाह तथा गुनासोलाई मध्येनजर गर्दै सो विषयमा अध्ययन तथा अनुसन्धान अघि बढाउने प्रणाली रहेको छ ।

साथै, कम्पनीले माल्ट स्प्रीट उत्पादन गरी उक्त उत्पादनलाई नेपालमा रहेको अन्य मदिरा व्यवसायहरुलाई विक्रि गर्ने तथा उत्पादित माल्ट स्प्रीट प्रयोग गरी उच्च स्तरीय मदिरा उत्पादन गरी स्वदेश तथा विदेशमा विक्रि तथा निर्यात गर्ने नीति रहेको छ । हालसम्म स्कटल्याण्ड लगायत अन्य देशहरुबाट माल्ट आयात गरी उत्पादनमा प्रयोग गर्दै आइरहेकोमा सो कच्चा पदार्थलाई कम्पनीको आफ्नै माल्ट उत्पादनले प्रतिस्थापन गरी कम लागतमा गुणस्तरीय मदिरा उत्पादन गर्ने योजना विकास गर्न अनुसन्धान गरिरहेको छ ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान :** गत आ.व. मा बैंकहरुबाट प्रवाह भएको ऋणको व्याज प्रतिशत बढेको हुनाले त्यसको असर कम्पनीको तरलतामा परेको थियो । साथै, विश्व बजारमा देखिएको आर्थिक मन्दी र सिथिलताको प्रभाव नेपालको अर्थतन्त्रमा समेत परेको कारण आर्थिक गतिविधिलाई चलायमान बनाउने क्रियाकलापहरुमा उल्लेखनीय रुपमा गिरावट आएको अवस्था रहेको छ । यससँगै बजारमा वस्तुहरुको घट्दो माग र खपतको नकारात्मक प्रभाव मदिरा व्यवसायमा समेत देखिएको छ । त्यसैगरी अन्तर्राष्ट्रिय स्तरमा देखा परेको बढ्दो मुद्रास्फीति तथा देशको आर्थिक नीति, मौद्रिक नीति तथा बैंक तथा वित्तीय संस्थाहरुको बढ्दो व्याजदर, कच्चा पदार्थ खरिदमा भएको उल्लेख्य मूल्य वृद्धि, बजारमा कायम रहेको प्रतिस्पर्धा आदिले यस कम्पनीको व्यवसायलाई प्रभावित पारेको छ ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :** यस कम्पनीले उत्पादन गरेको ब्रान्डहरुको बजार हिस्सा उत्साहजनक रहेको छ र स्थानीय बजारमा उल्लेख्य सहभागिता जनाउन सफल रहेको छ । विगत लामो समयदेखि बजारमा स्थापित भइसकेका यस कम्पनीका अन्य प्रतिस्पर्धी उद्योगहरुको उत्पादन विक्री वितरण प्रणालीलाई चुनौती दिई यस कम्पनीको ब्रान्डहरुलाई बजारमा थप विस्तार गर्दै पृथक ब्रान्डका रुपमा परिचित गराउनु चुनौतीपूर्ण रहेको छ । यस कम्पनीका प्रतिस्पर्धी उद्योगहरु बजारमा धेरै संख्यामा रहेको र तुलनात्मक रुपमा यस कम्पनीको बजार स्थिति पहिचान गर्न मुस्किल रहेको अवस्था भएको हुँदा यस कम्पनीको निश्चित बजार स्थितिको पहिचान गर्न चुनौतीपूर्ण रहेको छ । यद्यपी बजारमा कम्पनीका प्रिमियम र नयाँ ब्रान्डहरुको प्रवेशले बजारमा रहेका प्रतिस्पर्धी उत्पादनहरुलाई राम्रो प्रतिस्पर्धा दिनुका साथै बजारमा आफ्नो उत्पादनहरु पृथक र लिडिंग ब्रान्डका रुपमा स्थापित हुने विश्वास कम्पनीले गरेको छ ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण :** यस कम्पनीको उत्पादनहरुलाई विभिन्न वितरकहरुलाई विक्रि वितरण गर्ने नेशनल वितरकहरु मध्ये सागर इन्टरनेशनल डिष्ट्रिव्यूटर्स प्रा. लि., एम.डि. ट्रेड लिंक र बिलभ्ड इन्टरप्राइजेज प्रा. लि. कम्पनीको प्रमुख ग्राहकका रुपमा रहेको छ ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण) :** कम्पनीको कच्चा पदार्थ मध्ये माल्ट खरिदका सम्बन्धमा यस कम्पनीले स्कटल्याण्ड स्थित White and Mackay Ltd. नामक सप्लायर्सबाट कुल खरिद परिमाणको २३% माल्ट (Malt) आपूर्ति गरेको छ । त्यसैगरी कम्पनीको उत्पादनहरुमा प्रयोग गरिने बोतल तथा प्याकेजिङ सामाग्रीहरु भारत स्थित DK Glass Solution Pvt. Ltd. नामक सप्लायर्सबाट आपूर्ति गरिएको छ । चीन स्थित Shandong Glass Company Ltd. बाट ग्लास र क्यापको आपूर्ति गरिएको छ ।

**ग.३.ख) सम्पत्तिको विवरण**

**(अ) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्थाः**

हालसम्म कम्पनीको नाममा श्रृजना भइसकेको चल अचल सम्पत्तिको विवरण तल उल्लेखित बमोजिम रहेको छ ।

| क्र.स. | सम्पति | स्थल | रकम (आ.व. २०८०/८१ को लेखा परिक्षण प्रतिवेदन अनुसार) | रकम (आ.व.२०८१/८२ को असार मसान्तसम्मको प्रतिवेदन अनुसार) |
|---|---|---|---|---|
| १. | जग्गा तथा जग्गा विकास जग्गाधनीको नामः सागर डिष्टिलरी लिमिटेड | देवचुली -१, नवलपरासी (उद्योग परिसर), जग्गाको क्षेत्रफल: ४-०३-१४-० २८,३४३.१४ व.मि. | २०१,६१०,५९४.७१ | २१३,७७१,८९५ |
| २. | भवन तथा संरचना | देवचुली -१, नवलपरासी (उद्योग परिसर) | २३१,१८७,७४० | २२६,३८२,३१६ |
| ३. | फनिर्चर तथा फिक्स्चर | देवचुली -१, नवलपरासी र का.म.न.पा. -१, कर्पोरेट कार्यालय | ७,८८३,९७९ | ६,१०४,१२९ |
| ४. | प्लान्ट एण्ड मेसिनरी तथा अन्य उपकरण | देवचुली -१, नवलपरासी (उद्योग परिसर) | ४६,०८७,४४० | ४५,२४३,२८४ |
| ५. | सवारी साधन | देवचुली -१, नवलपरासी र का.म.न.पा. -१, कर्पोरेट कार्यालय | ४,५४९,०४१ | ८,९६३,४०८ |
| ६. | अमूर्त सम्पत्ति | - | ६२३,६०० | ६२०,२२७ |
| | **जम्मा** | | **४९१,९४२,३९३.२७** | **५०१,०८५,२५९** |

**(आ) बूँदा (अ) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने :**

सिसिवर-०६ ग, देवचुली नवलपरासी स्थित साविकमा एलांयन्स वाइन इन्डष्ट्रिज प्रा. लि. को नाममा रहेको जग्गा साविकमा यस कम्पनीले उक्त कम्पनीबाट बहालमा लिई उपयोग गर्दै आइरहेकोमा मिति २०८२।०३।३२ गते उक्त जग्गा यस कम्पनीले आफ्नो नाममा खरिद गरी उद्योग संचालनको लागि उपयोग गर्दै आइरहेको छ ।

**( इ) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :**

हिमालयन बैंक लि. र यस कम्पनी बीच मिति २०७७।०७।२० मा भएको ऋण सम्झौता अनुरुप आ.व. २०८०।८१ मा उक्त बैंकबाट यस कम्पनीले ट्रष्ट रिसिप्ट कर्जा, हायरपर्चेज कर्जा, प्रतितपत्र कर्जा र बैंक जमानत स्वरुप क्रमशः रु.९,००,००,०००/-, रु.३१,९७,२४५/-, रु.५,००,००,०००/- र रु. ३,००,०००/- प्राप्त गरेको छ । साथै, आवधिक कर्जा स्वरुप रु. १२,३९,९२,८१४.३० प्राप्त गरेकोमा सो कर्जाको

सुरक्षण वापत् सागर डिष्टिलरी लिमिटेडको नाममा रहेको नवलपरासी जिल्ला देवचुली स्थित ज.क्षे. ३-१३-१४-० को जग्गा उक्त बैंकको नाममा दृष्टिबन्धकको लिखत रजिष्ट्रेशन पारित गरिएको छ । साथै, कम्पनीले यस आ.व. २०८१।८२ मा रु. १०,००,००,०००।- बराबरको चालु कर्जा पूँजी ७ महिना अवधिको र रु. १०,००,००,०००।- बराबरको चालु कर्जा पूँजी १ वर्षको अवधिका लागि हिमालयन बैंक लि.बाट स्वीकृति प्राप्त गरेको छ ।

**(ई) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्य बीच फरक भएमा सोको विवरण :** नवलपरासी जिल्ला देवचुली स्थित कम्पनीको नाममा रहेको ३-१३-१४-० क्षेत्रफलको जग्गाको परल मूल्य रु. ८०,८५,४२७।- रहेकोमा सो जग्गाको पुनर्मूल्यांकन गरी रु. २०,१६,९०,५९५।- कायम गरिएको छ । साथै कम्पनीले गरेको लगानीको परल मूल्य १६,९०,९१,५२२।- लाई नेपाल लेखा प्रतिवेदन मान (NFRS) बमोजिम यस कम्पनीले विभिन्न कम्पनीहरुमा गरेको शेयर लगानीलाई नाफा नोक्सान हिसाब मार्फत् बजार मूल्य (Market Value) अनुरुप लेखांकन गरी रु. १७,३४,८१,५२०।- कायम गरेको छ ।

**(उ) सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण** : नवलपरासी, देवचुली स्थित कम्पनीको नाममा रहेको ३-१३-१४-० क्षेत्रफलको जग्गाको परल मूल्य रु. ८०,८५,४२७।- को पुनर्मूल्यांकन गरी रु. २०,१६,९०,५९५।- कायम गरिएको छ । साथै कम्पनीले गरेको लगानीको परल मूल्य १६,९०,९१,५२२।- लाई नेपाल लेखा प्रतिवेदन मान (NFRS) बमोजिम यस कम्पनीले विभिन्न कम्पनीहरुमा गरेको शेयर लगानीलाई नाफा नोक्सान हिसाब मार्फत् बजार मूल्य (Market Value) अनुरुप लेखांकन गरी रु. १७,३४,८१,५२०।- कायम रहेको छ । त्यसैगरी, जग्गा पुनर्मूल्यांकनका सम्बन्धमा स्वतन्त्र भ्यालुएटरबाट मूल्याङ्कन गरिएको र स्वतन्त्र भ्यालुएटरबाट बजार मूल्य, सरकारी मूल्य र Distress Value को आधारमा मूल्यांकन गरिएको छ ।

**ग.३.ग) भावी योजना तथा रणनीति :**

**(अ) व्यवसाय/सेवाको बृद्धिका लागी संस्थाको भावी योजना वा त्यस्तो योजनाको प्राप्तिका लागी चालिने समयवद्ध रणनीती :** यस कम्पनीको भावी योजना अन्तर्गत कम्पनीले विक्रि प्रणालीको विकास र गुणस्तरलाई केन्द्रिकृत गर्ने योजना बनाएको छ । कम्पनीले प्रारम्भिक चरणमा मार्जिन आर्जन गर्ने भन्दा विक्रि परिमाणलाई वृद्धि गर्दै खरिद, स्रोत साधनको व्यवस्थापन र सञ्चालनको दक्षता सुधार गर्ने रणनीति तय गरेको छ । साथै, ठूला वितरकहरूसँग सहकार्य गर्दै आपूर्ति सम्बन्धी चुनौतीहरूलाई समाधान गर्ने योजना रहेको छ । कम्पनीले आफ्ना उत्पादनहरूको गुणस्तर तथा प्याकेजिङलाई बजारको अपेक्षाभन्दा सधैं उत्कृष्ट कायम गरिराख्न आवश्यक सम्पूर्ण पहलहरु सुनिश्चित गर्ने रणनीति तय गरेको छ । कम्पनीको दिगो योजना अन्तर्गत आफ्नो उत्पादनहरुको विक्रि परिमाणलाई वृद्धि गर्न बजारबाट उत्पादन प्रतिको विश्वासलाई वृद्धि गरी मार्जिन आर्जनलाई वृद्धि गर्दै लैजाने रणनीति कम्पनीको रहेको छ ।
माल्टको हकमा कम्पनीले आ.व. २०८२।८३ भित्र माल्ट उत्पादन प्लान्ट संचालन गर्ने लक्ष्य लिएको छ । कम्पनीले सो माल्ट स्प्रीट आफ्नो मदिरा उत्पादनमा उपयोग गर्ने तथा अन्य मदिरा कम्पनीहरुलाई विक्रि वितरण गर्ने उद्देश्य रहेको छ । यस कम्पनीबाट उत्पादित माल्ट आफ्नो उत्पादनमा उपयोग गर्दा कम्पनीले उत्पादन गर्ने मदिराजन्य वस्तुको लागतमा कमी आई मुनाफाको मार्जिनमा वृद्धि हुने लक्ष्य राखेको छ । साथै, सोही बमोजिम कम्पनीले प्रिमियम ब्रान्डका मदिराहरु उत्पादन गर्ने योजना बनाएको छ ।

**(आ) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थिति आधारमा संगठित संस्थाको भविष्य :** बजार प्रतिस्पर्धालाई मध्येनजर गर्दै यस कम्पनीको भविष्य सुनिश्चित गर्नका लागि कम्पनीले नियमित प्रवर्धनात्मक कार्यक्रमहरू गर्ने र कम्पनीको प्रमुख वितरण साझेदारहरूसँगको अन-ट्रेड तथा अफ-ट्रेड सहकार्य गरी कम्पनीको ब्रान्डको उपभोग र पुनः उपभोगलाई विस्तार गर्ने योजना कम्पनीको रहेको छ ।

**ग.३.घ) सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था**

कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार सात (७) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| समूह "क" संस्थापक शेयरधनीहरुबाट | ४ जना |
| समूह "ख" सर्वसाधारण शेयरधनीहरूबाट | २ जना |
| स्वतन्त्र संचालक | १ जना |
| **जम्मा** | **७ जना (कम्तीमा एक महिला सहित)** |

कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार संचालक हुनको लागि आफ्नो नाममा कम्तीमा १०० कित्ता शेयर लिएको हुनु पर्नेछ तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

**ग.४) पुंजी संरचना सम्बन्धी जानकारी :**

**ग.४(क) अधिकृत, जारी तथा चुक्ता पुंजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्तसम्वन्धी विवरण :**

**अधिकृत पूँजी:** कम्पनीको अधिकृत पूँजी रु. १,००,००,००,०००/- (अक्षरेपी एक अर्ब मात्र) रहेको छ । उक्त पूँजीलाई रु. १००।– का दरले १,००,००,००० थान शेयरमा बिभाजन गरिएको छ ।

**जारी पूँजी:** कम्पनीको जारी पूँजी रु. ७२,६०,००,०००/- (अक्षरेपी बहत्तर करोड साठी लाख रुपैंया मात्र) रहेको छ । उक्त पूँजीलाई रु. १००/- का दरले ७२,६०,००० थान शेयरमा बिभाजन गरिएको छ ।

**चुक्ता पूँजी:** कम्पनीको चुक्ता पूँजी रु. ५८,०८,००,०००/- (अक्षरेपी अन्ठाउन्न करोड आठ लाख मात्र) रहेको छ। उक्त पूँजीलाई रु. १००/- का दरले ५८,०८,००० थान शेयरमा बिभाजन गरिएको छ।

कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी तथा चुक्ता पुँजीमा परिवर्तन सम्बन्धी विवरण:

| आ.व. | अधिकृत पुँजी (रु.) | जारी पुँजी (रु.) | चुक्ता पुँजी (रु.) | कैफियत |
|---|---|---|---|---|
| भाडा तिनुपर्ने | ३२,०३६,७९८ |
| चालु कर दायित्व | २०,४८९,४८१ |
| वैधानिक र अन्य चालु दायित्व | ६,३५४,५४१ |
| **जम्मा चालु दायित्व** | - |
| **जम्मा दायित्व** | **३४९,३९१,३८७** |
| **जम्मा इक्विटी र दायित्व** | **१,२५१,७९४,७९६** |

## नाफा नोक्सान हिसाव

**रकम रु. मा**

| विवरण | आषाढ मसान्त |
|---|---|
| | आ.व. २०८१/८२ |
| संञ्चालन बाट आम्दानी | ४२९,१५४,९७४ |
| घटाउ : अन्त शुल्क | २३६,४२७,७९६ |
| घटाउ : बिक्री फिर्ता | १३,०५२,५३० |
| खुद विक्रि आम्दानी | १७९,६७४,६४७ |
| बेचेको सामानको लागत | ८२,०३८,८२६ |
| **खुद नाफा** | **९७,६३५,८२१** |
| अन्य संञ्चालन आम्दानी | ३९,३५४,६४९ |
| उचित मूल्य / लाभांश आय मार्फत लगानीमा लाभ | - |
| **जम्मा संञ्चालन आम्दानी** | **१३६,९९०,४७०** |
| कर्मचारी खर्च | ३३,९९८,८२७ |
| प्रशासनिक खर्च | १२,०६१,८०२ |
| विक्रि वितरण खर्च | ५२,८७४,२०९ |
| सञ्चालन नाफा | ३८,०५५,६३२ |
| मुल्य ह्रास र परिशोधन खर्च | ९,५६३,२८३ |
| वित्तीय लागत | २३,५९४,०६४ |
| **कर अघीको नाफा** | **४,८९८,२८५** |
| घटाउः कर खर्च | |
| आम्दानी कर खर्च | |
| चालु कर | |
| स्थगन कर | १,४६९,४८५ |
| **अवधिको लागि नाफा नोक्सान** | ३,४२८,७९९ |

## नगद प्रवाह विवरण

रकम रु. मा

| ववरण | आषाढ मसान्त |
|---|---|
| | आ.व. २०८१/८२ |
| **सञ्चालन गतिविधिहरूबाट नगद प्रवाह** | |
| **कर अघीको नाफा** | **४,८९८,२८५** |
| **समायोजन** | |
| गैर-चालू सम्पत्तिहरूको मूल्यह्रास र परिशोधन | ९,५६३,२८३ |
| व्याज खर्च | २३,५९४,०६४ |
| **कार्यशील पूँजीमा परिवर्तन हुनुभन्दा पहिलेको सञ्चालन नाफा** | **३८,०५५,६३२** |
| समायोजन | |
| इन्भेटरीजमा (बृद्धि)/कमी | (२१,०६१,१७७) |
| व्यापार प्राप्ती,ऋण रअन्य सम्पत्तीमा (बृद्धि)/कमी | (२२८,३५६,४५८) |
| तिर्नुपर्ने भाडामा बृद्धि/(कमी) | - |
| व्यापार भुक्तानी, अन्य दायित्व र प्रोभिजनमा वृद्धि/(कमी) | ११,१७१,५१३ |
| सञ्चालनबाट उत्पन्न नगद | (२००,१९०,४९०) |
| कर खर्च | |
| **सञ्चालन गतिविधिहरु द्वारा उत्पन्न खुद नगद** | **(२००,१९०,४९०)** |
| **लगानी गतिविधिहरूबाट नगद प्रवाह** | |
| सामान्य सम्पत्ति र अमूर्त सम्पत्तिहरूमा थप | (१८,७०६,१५१) |
| सम्पत्ती प्लान्ट र उपकरणको बिक्रि | |
| पूंजी WIP मा थप | (१,७३८,९१५) |
| Rou सम्पत्तीमा थप | - |
| स्थगन खर्च/अघिल्लो अवधिको खर्चमा वृद्धि | |
| सहायक कम्पनीहरूको इक्विटी उपकरणमा लगानी | ७३,०८४,४८७ |
| **खुद नगद (प्रयोग गरिएको) / लगानी गतिविधिहरु द्वारा उत्पन्न** | **५२,६३९,४२१** |
| **वित्तीय गतिविधिहरूबाट नगद प्रवाह** | |
| सापटीमा बृद्धि/कमी | |
| अवधि ऋणको भुक्तानी | १६०,३७९,०६९ |
| इक्विटी आयको जारी | |
| शेयर जारी खर्च | (१,००८,६००) |
| अघिल्लो अवधि व्यय | (४०७,०००) |
| भडा दायित्वको लागि भुक्तानी | - |
| व्याज भुक्तानी | (२३,५९४,०६४) |
| **वित्तीय गतिविधिहरुमा खुद नगदको पयोग** | **१३५,३६९,४०५** |
| **नगद तथा नगद बराबरमा खुद बृद्धि** | **(१२,१८१,६६४)** |
| वर्षको सुरुमा नगद र नगद बराबर | १३,०२५,४८७ |
| **वर्षको अन्त्यमा नगद र नगद बराबर** | **८४३,८२३** |

## इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण
## मिति २०८१ श्रावण १ गते देखि २०८१ आषाढ मसान्त सम्म

| विवरण | शेयर आवेदन रकम | अग्रिम शेयर भुक्तानी | पुनमूल्यांकन कोष | प्रिमियम खाता | संचित नाफा/नोक्सान | जम्मा |
|---|---|---|---|---|---|---|
| **श्रावण १, २०८१ मा ब्यालेन्स** | ५८०,८००,००० | - | १९३,५२५,१६८ | २४३,३००,००० | (१४३,७०३,२८१) | ८१२,१९५,३६८ |
| शेयर पूँजी जारी गर्ने | - | - | - | - | - | - |
| वर्षको लागि नाफा | - | - | - | - | ३,४२८,७९९ | ३,४२८,७९९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वर्षको लागि अन्य कम्प्रहेन्सिभ आम्दानी, आयकरको खुद | - | - | | - | - | - |
| आईपीओ निष्कासन खर्च र पूर्व आ.व.को खर्च | | | | | | (१,४१५,६००) |
| यस वर्ष जग्गा रिभ्युलुसनले करको खुद कर | | | | | | - |
| कर निर्धारण खर्च | | | | | - | - |
| जारी/शेयर पूंजीमा हस्तान्तरण | | | | | | - |
| राखिएको कमाईमा स्थानतरण | - | - | - | - | - | - |
| **असार ३१, २०८२ मा ब्यालेन्स** | ५८०,८००,००० | - | १९३,५२५,१६८ | २४३,३००,००० | (१४०,२७४,४८२) | ८१४,२०८,५६७ |

(ई) **आम्दानी र खर्च हिसाबको कुनै शीर्षकमा ठलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण ।** भएको ।

(उ) **पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भएपश्चात संगठित संस्थाको कारोबार, नाफानोक्सान, सम्पत्तिको मुल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणा :** यस आ.व. २०८१।८२ को असार मसान्तसम्ममा कम्पनीले व्याज खर्चमा गत आ.व. २०८०।८१ को यस अवधिको तुलनामा ४५% भन्दा बढी खर्चमा कमी आएको छ र कम्पनीले लगानी मार्फत् Realized मुनाफा र अन्य मुनाफा रु. ३,९३,५४,६४९।- गरेको छ ।

(ऊ) **आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश भएको मिति सम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने :** सो नभएको

(ए) **विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण (आ) सम्पत्तिको पुनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य (ई) पुनर्मूल्यांकनको औचित्य:** यस कम्पनीले मिति २०७२।१०।१५ गते नवलपरासी, देवचुली स्थित जग्गा क्षेत्रफल ३-१३-१४-० को जग्गा मूल्य रु. ८०,८५,४२७।- मा खरिद गरेकोमा उक्त जग्गाको बजार मूल्यमा निकै परिवर्तन भएको हुँदा कम्पनीले आ.व. २०७९।८० मा स्वतन्त्र भ्यालुएटरबाट सो जग्गाको पुनर्मूल्यांकन गरी रु. २०,१६,९०,५९५।- कायम गरिएको छ । आ.व. २०८०।८१ बाट कम्पनीले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार उक्त जग्गाको भूतप्रभावी रुपमा आ.व. २०७९।८० मा पुनर्मूल्यांकन गरिएको हो ।

(ऐ) **आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :**
कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

**वासलात**

**रकम रु. मा**

| **विवरण** | **प्रक्षेपित** | | |
|---|---|---|---|
| | **आ.व. २०८२/८३** | **आ.व. २०८३/८४** | **आ.व. २०८४/८५** |
| **सम्पत्ति** | | | |
| **गैह्र चालु सम्पत्ति** | | | |
| सम्पत्ति, प्लान्ट तथा उपकरण(खुद) | ८२४,९६९,९०५ | ८०९,२३७,९०० | ७९४,३१६,२१९ |
| पूँजी कार्य प्रगती | - | - | - |
| अमुर्त सम्पत्ति(खुद) | ४६४,३२७ | ३०८,४२७ | |
| ROU सम्पत्ति | - | | - |
| स्थगन कर सम्पत्ति | ४६,३७७,०६८ | ४६,३७७,०६८ | ४६,३७७,०६८ |
| लगानी | ९०,३५७,३३० | ८१,३२१,५९७ | ७३,१८९,४३८ |
| **जम्मा गह्रै चालु सम्पत्ति** | **९६२,१६८,६३०** | **९३७,२४४,९९२** | **९१३,८८२,७२४** |
| **चालु सम्पत्ति** | | | |
| इनभेन्टरीज | ८२,७६६,१३० | १२२,४९३,८७३ | १८१,२९०,९३२ |
| वित्तिय सम्पत्ति | | | |
| व्यापार प्राप्ती | ३४७,०९१,२६६ | ३५९,५८६,५५१ | ४१८,१४७,७९० |
| नगद तथा नगद बराबर | ५९,०९३,६३० | ३९,९७१,८३१ | ३५,९५६,४२६ |
| अन्य वित्तिय सम्पत्ति | २,३२०,२८१ | २,६२९,६८१ | ३,३६२,३५८ |
| चालु कर सम्पत्ति | - | - | - |
| अन्य चालु सम्पत्ति | ५६,५१३,४०२ | ५६,५१३,४०२ | ५६,५१३,४०२ |

| | | | |
|---|---|---|---|
| **जम्मा चालु सम्पत्ति** | **५४७,७८४,७११** | **५८१,१९५,३४१** | **६९५,२७०,९०९** |
| **जम्मा सम्पत्ति** | **१,५०९,९५३,३४२** | **१,५१८,४४०,३३४** | **१,६०९,१५३,६३४** |
| **इक्विटी र दायित्व** | | | |
| **इक्विटी** | | | |
| इक्विटी शेयर पूँजी | ७२६,०००,००० | ७२६,०००,००० | ७२६,०००,००० |
| अन्य इक्विटी | २४८,४५९,१०२ | २९८,४५६,२४४ | ४१३,३०५,७३९ |
| **जम्मा इक्विटी** | ९७४,४५९,१०२ | १,०२४,४५६,२४४ | १,१३९,३०५,७३९ |
| **दायित्व** | | | |
| **गह्रै चालु दायित्व** | | | |
| वित्तिय दायित्व | | | |
| बैंक बाट सापटी | ३०३,३१४,१९९ | २८३,६८९,८९७ | २६१,३१२,८२२ |
| स्थगन कर दायित्व | – | – | – |
| भाडा तिनुपर्ने | | – | – |
| **जम्मा गह्रै चालु दायित्व** | ३०३,३१४,१९९ | २८३,६८९,८९७ | २६१,३१२,८२२ |
| **चालु दायित्व** | | | |
| वित्तीय दायित्व | | | |
| बैंक बाट सापटी | १६५,७७५,५१७ | १२४,१४०,४१४ | ९३,३७६,३३१ |
| व्यापार भुक्तानी | ३६,३०७,१४० | ५३,७३४,५६८ | ७९,५२७,१६० |
| अन्य वित्तीय दायित्व | २२,५०८,८७९ | २४,७३०,२१७ | २७,१७३,६८८ |
| भाडा तिनुपर्ने | ५९८,५१० | – | – |
| चालु कर दायित्व | | | – |
| वैधानिक र अन्य चालु दायित्व | ६,९८९,९९५ | ७,६८८,९९४ | ८,४५७,८९४ |
| **जम्मा चालु दायित्व** | **२३२,१८०,०४१** | **२१०,२९४,१९३** | **२०८,५३५,०७३** |
| **जम्मा दायित्व** | **५३५,४९४,२४०** | **४९३,९८४,०८९** | **४६९,८४७,८९५** |
| **जम्मा इक्विटी र दायित्व** | **१,५०९,९५३,३४२** | **१,५१८,४४०,३३४** | **१,६०९,१५३,६३४** |

## नाफा नोक्सान हिसाव

**रकम रु. मा**

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
| संञ्चालन बाट आम्दानी | ६३५,१४९,३५९ | ९४०,०२१,०५२ | १,३९१,२३१,१५७ |
| घटाउ : अन्त शुल्क | (३३०,२७७,६६७) | (४८८,८१०,९४७) | (७२३,४४०,२०२) |
| **खुद विक्रि आम्दानी** | **३०४,८७१,६९३** | **४५१,२१०,१०५** | **६६७,७९०,९५५** |
| बेचेको सामानको लागत | १२७,३०३,२९१ | १८८,४०८,८७१ | २७८,८४५,१२९ |
| | १७७,५६८,४०१ | २६२,८०१,२३४ | ३८८,९४५,८२६ |
| अन्य सञ्चालन आम्दानी | - | - | - |
| उचित मूल्य / लाभांश आम्दानी / मार्फत लगानीमा लाभ | २३,८४४,२९६ | २१,४५९,८६६ | १९,३१३,८७९ |
| **जम्मा संञ्चालन आम्दानी** | **२०१,४१२,६९७** | **२८४,२६१,१००** | **४०८,२५९,७०६** |
| खर्च | | | |
| प्रशासनिक खर्च | १२,३३६,७५१ | १३,०६४,३७२ | १३,८३५,९७९ |
| कर्मचारी खर्च | ३५,६९८,७६९ | ३७,४८३,७०७ | ३९,३५७,८९३ |
| विक्रि वितरण खर्च | ८८,१७०,४८७ | १२०,३२२,६९५ | १७८,०७७,५८८ |
| वित्तीय लागत | ३८,४४४,०३३ | ४१,९५०,०४१ | ३४,१४७,५८८ |
| मुल्य ह्रास र परिशोधन खर्च | १०,०३९,८४१ | १५,८८७,९०५ | १५,२३०,१०८ |
| वित्तीय सम्पत्तिमा इम्पीयरमेन्टको रिर्भरसल | – | – | – |
| **जम्मा खर्च** | **१८४,६८९,८८१** | **२२८,७०८,७२०** | **२८०,६४९,१५५** |

| | | | |
|---|---|---|---|
| **बोनस, CSR र कर अघि नाफा** | **१६,७२२,८१६** | **५५,५५२,३८०** | **१२७,६१०,५५१** |
| कर्मचारी बोनस को लागी प्रोभिजन | १,५२०,२५६ | ५,०५०,२१६ | ११,६००,९५९ |
| कर्पोरेट सामाजिक उत्तरदायित्व | १५२,०२६ | ५०५,०२२ | १,१६०,०९६ |
| **कर अघिको नाफा** | **१५,०५०,५३४** | **४९,९९७,१४२** | **११४,८४९,४९५** |
| घटाउः कर खर्च | | | |
| चालु कर | | | |
| स्थगन कर | | | |
| पुर्व अवधि कर | - | - | - |
| **अवधिको लागि नाफा नोक्सान** | **१५,०५०,५३४** | **४९,९९७,१४२** | **११४,८४९,४९५** |
| **अन्य कम्परहेन्सिभ आम्दानी** | | | |
| नाफा वा नोक्सानमा पुनः वर्गीकृत गरिने वस्तुहरू | | | |
| जग्गाको पुनर्मूल्यांकनमा लाभ | | | |
| अन्य कम्प्रेहेन्सिभ आय मार्फत इक्विटी उपकरणहरू | | | |
| स्थगित आयकर प्रभाव | | | |
| **जम्मा अन्य कम्परहेन्सिभ आम्दानी** | - | - | - |
| **अवधिको लागि जम्मा कम्परहेन्सिभ आम्दानी** | १५,०५०,५३४ | ४९,९९७,१४२ | ११४,८४९,४९५ |

## नगद प्रवाह विवरण

रकम रु. मा

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
| **सञ्चालन गतिविधिहरूबाट नगद प्रवाह** | | | |
| वर्षको लागि नाफा | १५,०५०,५३४ | ४९,९९७,१४२ | ११४,८४९,४९५ |
| **समायोजन** | | | |
| वित्तीय लागत | ३८,४४४,०३३ | ४१,९५०,०४१ | ३४,१४७,५८८ |
| स्थगन कर सम्पत्ती | - | - | - |
| सम्पत्तीको डिस्पोजल नाफा | - | - | - |
| गैर-चालू सम्पत्तिहरूको मूल्यह्रास र परिशोधन | १०,०३९,८४१ | १५,८८७,९०५ | १५,२३०,१०८ |
| **कार्यशील पूँजीमा परिवर्तन हुनुभन्दा पहिलेको सञ्चालन नाफा** | **६३,५३४,४०९** | **१०७,८३५,०८८** | **१६४,२२७,१९१** |
| सञ्चालन सम्पत्तिमा मुमेन्टस | | | |
| इन्भेटरीजमा बृद्धि/कमी | (१५,९७१,८२४) | (३९,७२७,७४३) | (५८,७९७,०५९) |
| व्यापार प्राप्ती,ऋण रअन्य सम्पत्तीमा बृद्धि/कमी | १११,०७०,४४९ | (१२,८०४,६८६) | (५९,२९३,९१५) |
| तिर्नुपर्ने भाडमा बृद्धि/कमी | (५३७,७७१) | (५९८,५१०) | - |
| व्यापार भुक्तानी, अन्य दायित्व र प्रोभिजनमा वृद्धि/कमी) | ६,९२५,१९४ | २०,३४७,७६५ | २९,००४,९६४ |
| | **१०१,४८६,०४७** | **(३२,७८३,१७३)** | **(८९,०८६,०१०)** |
| **सञ्चालनबाट उत्पन्न नगद** | **१६५,०२०,४५६** | **७५,०५१,९१४** | **७५,१४१,१८१** |
| **सञ्चालन गतिविधिहरु द्वारा उत्पन्न खुद नगद** | **१६५,०२०,४५६** | **७५,०५१,९१४** | **७५,१४१,१८१** |
| **लगानी गतिविधिहरूबाट नगद प्रवाह** | | | |
| सामान्य सम्पत्ति र अमूर्त सम्पत्तिहरूमा थप | (३३४,३८८,८१४) | | |
| पूंजी WIP मा थप | १८,२७६,१५२ | - | - |
| Rou सम्पत्तीमा थप | १,०२५,७५६ | - | - |
| अघिल्लो अवधिको खर्च | | | |
| लगानीमा थप | १०,०३९,७०३ | ९,०३५,७३३ | ८,१३२,१६० |
| सम्पत्ती प्लान्ट र उपकरणको बिक्रि | | | |
| **खुद नगद (प्रयोग गरिएको) / लगानी गतिविधिहरु द्वारा उत्पन्न** | **(३०५,०४७,२०३)** | **९,०३५,७३३** | **८,१३२,१६०** |

| | | | |
|---|---|---|---|
| **वित्तीय गतिविधिहरूबाट नगद प्रवाह** | | | |
| सापटीमा बृद्धि/कमी | ९१,५२०,५८७ | (६१,२५९,४०६) | (५३,१४१,१५८) |
| शेयर प्रिमियम | | - | - |
| शेयर आवेदन पैसा बृद्धि/कमी | - | - | - |
| शेयर पुँजिमा बृद्धि/कमी | १४५,२००,००० | - | - |
| IPO खर्च | - | | |
| कर निर्धारण खर्च | - | - | - |
| वित्तीय खर्च | (३८,४४४,०३३) | (४१,९५०,०४१) | (३४,१४७,५८८) |
| **वित्तीय गतिविधिहरुमा खुद नगदको पयोग** | **१९८,२७६,५५४** | **(१०३,२०९,४४७)** | **(८७,२८८,७४६)** |
| **नगद तथा नगद बराबरमा खुद बृद्धि** | **५८,२४९,८०७** | **(१९,१२१,७९९)** | **(४,०१५,४०५)** |
| वर्षको सुरुमा नगद र नगद बराबर | ८४३,८२३ | ५९,०९३,६३० | ३९,९७१,८३१ |
| विदेशी मुद्रामा राखिएको नगद र नगद बराबरको सन्तुलनमा विनिमय दर परिवर्तनको प्रभाव | - | - | - |
| **वर्षको अन्त्यमा नगद र नगद बराबर** | **५९,०९३,६३०** | **३९,९७१,८३१** | **३५,९५६,४२६** |

## इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण

| विवरण | शेयर आवेदन रकम | अग्रिम शेयर भुक्तानी | पुनमूल्यांकन कोष | धितोपत्र प्रिमियम | राखिएको कमाई | जम्मा |
|---|---|---|---|---|---|---|
| **श्रावण १, २०८१ मा ब्यालेन्स** | ५८०,८००,००० | - | १९३,५२५,१६८ | २४३,३००,००० | (१४३,७०३,२८१) | ८१२,९९५,३६८ |
| शेयर पूँजी जारी गर्ने | - | - | - | - | - | - |
| यो वर्षको नाफा | - | - | - | - | ३,४२८,७९९ | ३,४२८,७९९ |
| वर्षको लागि अन्य व्यापक आय, आयकरको खुद | - | - | | - | - | - |
| शेयर निष्काशन खर्च र पूर्व आ.व. को खर्च | | | | | | (१,४१५,६००) |
| यस वर्ष जग्गा पुर्नमुल्याकन खुद कर | | | | | | - |
| पूर्व अवधि समायोजन | | | | | - | - |
| निष्काशन / शेयर पूँजीमा स्थानान्तरण | | | | | | - |
| राखिएको कमाईमा स्थानतरण | - | - | - | - | - | - |
| **असार ३१, २०८२ मा ब्यालेन्स** | ५८०,८००,००० | - | १९३,५२५,१६८ | २४३,३००,००० | (१४०,२७४,४८२) | ८१४,२०८,५६७ |
| **श्रावण १, २०८२ मा ब्यालेन्स** | ५८०,८००,००० | - | १९३,५२५,१६८ | २४३,३००,००० | (१४०,२७४,४८२) | ८१४,२०८,५६७ |
| शेयर पूँजी जारी गर्ने | १४५,२००,००० | - | - | - | - | १४५,२००,००० |
| यो वर्षको नाफा | - | - | - | - | १५,०५०,५३४ | १५,०५०,५३४ |
| वर्षको लागि अन्य व्यापक आय, आयकरको खुद | - | - | | - | - | - |
| शेयर निष्काशन खर्च | | | | | | - |
| यस वर्ष जग्गा पुर्नमुल्याकन खुद कर | | | | | | - |
| कर निर्धारण खर्च | | | | | - | - |
| निष्काशन / शेयर पूँजीमा स्थानान्तरण | | | | | | - |
| राखिएको कमाईमा स्थानतरण | - | - | - | - | - | - |
| **असार ३१, २०८३ मा ब्यालेन्स** | ७२६,०००,००० | - | १९३,५२५,१६८ | २४३,३००,००० | (१२५,२२३,९४७) | ९७४,४५९,१०२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **श्रावण १, २०८३ मा ब्यालेन्स** | ७२६,०००,००० | - | १९३,५२५,१६८ | २४३,३००,००० | (१२५,२२३,९४७) | ९७४,४५९,१०२ |
| शेयर पूँजी जारी गर्ने | - | - | - | - | - | - |
| यो वर्षको नाफा | - | - | - | - | ४९,९९७,१४२ | ४९,९९७,१४२ |
| वर्षको लागि अन्य व्यापक आय, आयकरको खुद | - | - | | - | - | - |
| यस वर्ष जग्गा पुर्नमुल्याकन खुद कर | | | | | | - |
| कर निर्धारण खर्च | | | | | | - |
| निष्काशन/शेयर पूँजीमा स्थानान्तरण | | | | | | - |
| राखिएको कमाईमा स्थानतरण | - | - | - | - | - | - |
| **असार ३१, २०८४ मा ब्यालेन्स** | ७२६,०००,००० | - | १९३,५२५,१६८ | २४३,३००,००० | (७५,२२६,८०६) | १,०२४,४५६,२४३ |
| **श्रावण १, २०८४ मा ब्यालेन्स** | ७२६,०००,००० | - | १९३,५२५,१६८ | २४३,३००,००० | (७५,२२६,८०६) | १,०२४,४५६,२४३ |
| शेयर पूँजी जारी गर्ने | - | - | - | - | - | - |
| यो वर्षको नाफा | - | - | - | - | ११४,८४९,४९५ | ११४,८४९,४९५ |
| वर्षको लागि अन्य व्यापक आय, आयकरको खुद | - | - | - | - | - | - |
| यस वर्ष जग्गा पुर्नमुल्याकन खुद कर | - | - | - | - | - | - |
| **असार ३१, २०८५ मा ब्यालेन्स** | ७२६,०००,००० | **-** | **१९३,५२५,१६८** | **२४३,३००,०००** | **३९,६१२,६८९** | **१,१३९,३०५,७३९** |

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरि ठिक छ भनी एम.जि.एस एण्ड एसोसियट्सका चार्टड एकाउन्टेण्टबाट गरिएको हो ।

**प्रक्षेपित गरिएको वित्तीय विवरणहरुको गणनाको आधारहरु देहाय बमोजिम रहेको छ :**

- यस कम्पनीको आ.व २०७८।७९ देखि २०८१।८२ सम्मको औसत वार्षिक आम्दानी वृद्धि दर ४८% रहेको आधारमा सोही बमोजिम आ.व. २०८२।८३ देखि २०८४।८५ सम्मको वार्षिक आम्दानी वृद्धि दर प्रक्षेपण गरिएको छ ।
- संचालन वापतको लागत खर्च लेखापरिक्षण गरिएको पछिल्लो तीन आ.व.को औसत कुल आम्दानी २१.७६% रहेको र कम्पनीले प्रत्येक आ.व. मा ५% Operational Efficiency कायम गर्ने अनुमानका आधारमा संचालन वापत्को लागत खर्च प्रक्षेपण गरिएको छ र यसका लागि मुद्रास्फितिलाई आधारमा लिइएको छैन ।
- आ.व. २०८१।८२ को अपरिष्कृत वित्तीय विवरणको आधारमा र आ.व २०८२।८३ देखि लेखा परिक्षण शुल्क बाहेकको प्रशासनिक लागत विगत १० वर्षको मुद्रास्फिति दर अर्थात् ६.०५% को आधारमा प्रक्षेपण गरिएको छ ।
- कर्मचारी सुविधा खर्च आ.व. २०८१।८२ को अपरिष्कृत वित्तीय विवरणको आधारमा र आ.व २०८२।८३ देखि वार्षिक ५% का दरले वृद्धि गरिएको छ ।
- आयकर ऐन, २०५८ को अनुसूची २ र दफा ११ बमोजिम मुनाफाको २५.५०% आयकर प्रक्षेपित गरिएको छ र स्थगत कर गणना गरिएको छैन ।
- कर्मचारी बोनस खर्च बोनस ऐन, २०३० बमोजिम कम्पनीको वार्षिक खुद नाफाको १०% का दरले गणना गरिएको छ र संस्थागत सामाजिक उत्तरदायित्व वापत्को खर्च औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम खुद नाफाको १% का दरले गणना गरिएको छ ।
- ह्रासकट्टी गणना गर्दा जीवन अवधिको आधार समदर प्रणाली वा WDV प्रणाली बमोजिम गरिएको छ। हाल रहेको उद्योग भवनको ह्रासकट्टी गर्दा सोको जीवन अवधिको ५० वर्ष तथा प्लान्ट र मेसिनरीको हकमा जीवन अवधि ४० वर्ष लिई ह्रासकट्टी गरिएको छ तथा अन्य सम्पत्तिको ह्रासकट्टी जीवन WDV प्रणाली बमोजिम गरिएको छ। तर प्रति दिन १.५ कि.लि. क्षमताको नयाँ प्लान्टको निर्माण आ.व. २०८२।८३ को अन्तमा समाप्त हुनेछ र सोको ५० वर्षको जीवन अवधिमा SLM प्रणाली बमोजिम ह्रासकट्टी गरिनेछ । आ.व. २०८२।८३ बाट सम्पत्ति थप नहुने प्रक्षेपण गरिएको छ ।
- आ.व. २०८२।८३ मा सार्वजनिक निष्कासन गरिने रु. १४,५२,००,०००।- को पूर्ण भुक्तानी सहित कम्पनीको चुक्ता पूँजी रु. ७२,६०,००,०००।- कायम गरिएको छ ।

- वितरण गर्नुपर्ने लाभांश प्रक्षेपण गरिएको छैन ।
- आ.व. २०८१।८२ को अपरिष्कृत वित्तीय विवरणको आधारमा र आ.व २०८२।८३ देखि विगत ३ वर्षको लेखापरिक्षण गरिएको वित्तीय विवरणको आधारमा खुद आयको २७.१५% को आधारमा इन्भेन्टरी प्रक्षेपण गरिएको छ ।
- आ.व. २०८१।८२ को अपरिष्कृत वित्तीय विवरणको आधारमा र आ.व २०८२।८३ देखि विगत ३ वर्षको लेखापरिक्षण गरिएको वित्तीय विवरणको आधारमा खुद आयको २८.५०% को आधारमा व्यापार भुक्तानी प्रक्षेपण गरिएको छ ।
- आ.व. २०८१।८२ को अपरिष्कृत वित्तीय विवरणको आधारमा र आ.व २०८२।८३ देखि कम्पनीको आन्तरिक क्रेडिट नीतिको आधारमा प्रक्षेपण गरिएको छ ।
- कम्पनीले लगानी फिर्ता हुने अवधि, इन्टर्नल रेट अफ रिर्टन तथा नेट प्रजेण्ट भ्यालूको गणना गर्दा डिस्काउन्टिङ्ग फ्याक्टर १०% ले गणना गरिएको छ ।

**ग.९.ख वित्तीय अनुपात सम्बन्धी विवरण :**

(अ) संचालन अवधि तीन बर्ष व्यतित भै सकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतित भैनसकेको अवस्थामा संचालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी **(EPS)** तथा प्रतिशेयर नेटवर्थ निम्न अनुसार छ ।

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. | आ.व. | आ.व. | आषाढ मसान्त | आ.व. | आ.व. | आ.व. |
| | ०७८/०७९ | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ |
| चुक्ता पुँजी (रु मा) | १५०,०००,००० | २२५,०००,००० | ५८०,८००,००० | ५८०,८००,००० | ७२६,०००,००० | ७२६,०००,००० | ७२६,०००,००० |
| जगेडा कोष तथा संचित नाफा (रु मा) | (९४,१४३,६३१) | १०,६३६,२७४ | २३१,३९५,३६८ | २३३,४०८,५६७ | २४८,४५९,१०२ | २९८,४५६,२४४ | ४१३,३०५,७३९ |
| जम्मा (नेटवर्थ) (रु.) | ५५,८५६,३६९ | २३५,६३६,२७४ | ८१२,१९५,३६८ | ८१४,२०८,५६७ | ९७४,४५९,१०२ | १,०२४,४५६,२४४ | १,१३९,३०५,७३९ |
| शेयर संख्या | १,५००,००० | २,२५०,००० | ५,८०८,००० | ५,८०८,००० | ७,२६०,००० | ७,२६०,००० | ७,२६०,००० |
| खुद नाफा (रु) | (५२,९९८,७५८) | (२८,०२८,६२१) | (२१,५३१,०२७) | ३,४२८,७९९ | १५,०५०,५३४ | ४९,९९७,१४२ | ११४,८४९,४९५ |
| प्रति शेयर नेटवर्थ (पुनर्मुल्यांकन बाहेक ) | ३७.२४ | १८.७२ | १०६.५२ | १०६.८७ | १०७.५७ | ११४.४५ | १३०.२७ |
| प्रति शेयर आम्दानी (EPS Annualized) | (३५.३३) | (१२.४६) | (३.७१) | ०.५९ | २.०७ | ६.८९ | १५.८२ |
| नेटवर्थमा औषत प्रतिफल (%) | (९४.८८%) | (११.८९%) | (२.६५%) | ०.४२% | १.५४% | ४.८८% | १०.०८% |

नोटः असार मसान्त २०८२ अपरिष्कृत विवरण लेखापरिक्षकद्धारा प्रमाणित गरिएको ।

(आ) विगत तीन बर्षको नेटवर्थमा भएको औसत प्रतिफल : -३६.४८%

**कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरि ठिक छ भनि एम.जि.एस एण्ड एसोसियट्सका चार्टड एकाउन्टेण्टबाट गरिएको हो ।

**ग.१०) धितोपत्र निष्काशन सम्बन्धी विवरणः**

**ग.१०.क) धितोपत्र जारी गर्नुको उद्देश्यः**

(क) यस कम्पनीको प्रबन्धपत्रमा व्यवस्था भए अनुसार जारी पूँजी रु. ७२,६०,००,०००/- (अक्षरेपी बहत्तर करोड साठी लाख रुपैंया मात्र) को २०% प्रतिशतले हुन आउने कूल अर्थात १४,५२,००० कित्ता साधारण शेयर सर्वसाधारणका लागि निष्काशन गर्नेछ । जसमध्ये सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशतले हुन आउने अर्थात रु. १,४५,२०,०००/- (अक्षरेपी एक करोड पैतालिस लाख बिस हजार मात्र) रकम बराबरको रु. १००/- अङ्कित दरमा १,४५,२०० कित्ता नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुलाई, ५ प्रतिशत अर्थात ७२,६०० कित्ता शेयरहरु सामूहिक लगानी कोषहरुलाई बाँडफाँड गरी, ३ प्रतिशत अर्थात ४३,५६० कित्ता शेयर कम्पनीमा कार्यरत कर्मचारीहरुका लागि सुरक्षित गरी बाँकी रहेको ११,९०,६४० कित्ता शेयर अन्य सर्वसाधारणहरुका लागि निष्काशन गरी कम्पनीको संचालक समितिमा सर्वसाधारणको तर्फबाट समेत प्रतिनिधित्व गर्ने गराउने ।

(ख) यस कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्ने ।

(ग) कम्पनीले हाल गरिरहेको कारोबारको क्षेत्र विस्तार गरी सर्वसाधारण जनताहरुलाई समेत यस कम्पनीले आफ्नो उद्देश्य अनुरुपको कार्य सम्पादन गर्नको लागि सर्वसाधारणहरुलाई सहभागी गराउन ।

(घ) सार्वजनिक निष्काशन मार्फत संकलित पूँजीको सदुपयोग गरी परियोजना निमार्ण गर्न बैंक तथा अन्यबाट लिएका ऋण भुक्तानी गरी, व्यवसाय बिस्तार गर्ने ।

**ग.१०.ख धितोपत्र निष्काशनबाट प्राप्त पुंजीको उपयोगः**

धितोपत्र निष्काशनवाट प्राप्त पूँजीको उपयोग गर्ने सम्बन्धमा कम्पानीको मिति २०८१/११/०३ को विशेष साधारण सभाबाट देहाय बमोजिम निर्णय पारित गरियो ।

| क्र.म | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | Malt and other Grain Spirit उत्पादन गर्ने नयाँ प्लान्ट संचालन खर्च | करिब रु. ९,००,००,०००/- |
| २ | हिमालयन बैंक लि.बाट प्राप्त छोटो आबधिक कर्जा भुक्तानी | करिब रु. ५,०७,००,०००/- |
| ३ | अन्य भुक्तानी | करिब रु. ४५,००,०००/- |

**(अ) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत्सम्बन्धी विवरणः**
कम्पनीले आफ्नो जारी पूँजीको २० प्रतिशत अर्थात रु. १४,५२,००,०००/- (अक्षरेपी सात करोड बयानब्बे लाख मात्र) रकम बराबरको साधारण शेयर सर्वसाधारणलाई निष्काशन गर्नेछ । सो रकम मध्ये Malt and other grain spirit उत्पादन गर्ने नयाँ प्लान्टको निर्माणमा करिब रु.९,००,००,०००।- रकम प्रयोग गरिनेछ भने करिब रु. ५,०७,००,०००/- कम्पनीले बैंकबाट प्राप्त गरेको छोटो आवधिक कर्जा भुक्तानी गर्न उपयोग गरिनेछ र बाँकी रु. ४५,००,०००/- अन्य भुक्तानीका लागि उपयोग गरिनेछ ।

**(आ) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्था :**
विगतमा सोही प्रकारको अन्य कम्पनीले सर्वसाधारणहरुमा शेयर निष्काशन गर्दा माग भन्दा बढी शेयरको लागि दरखास्त परेको हुनाले यस कम्पनीको निष्काशित शेयरहरु पनि पूर्ण रुपमा बिक्री हुने कम्पनीको धारणा रहेको छ । कथंकदाचित निष्काशन गरिने शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुले पूर्णरुपमा खरिद नगरेमा बाँकी शेयर सर्वसाधारणहरुको लागि निष्काशन गरिने शेयरमा थप गरिनेछ । सर्वसाधारणहरुको लागि निष्काशन गरेको शेयर कुनै कारणवश पूर्ण रुपमा बिक्री नभएमा धितोपत्र प्रत्याभुतिकर्ता नबिल स्टक डिलर लि., दरबारमार्ग, काठमाडौं र नबिल इन्भेष्टमेन्ट बैंकिङ लि., नक्सालले खरिद गर्ने गरी सम्झौता गरीएको छ ।

**(इ) परियोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपका कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :**
यस कम्पनीबाट नवलपरासी जिल्ला देवचुली नगरपालिका वडा न. १ स्थित सागर डिष्टिलरी लिमिटेडको निर्माण कार्य सम्पन्न भई मिति २०७८/०८/२७ गतेबाट संचालनमा आईसकेको ।

**(ई) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :**
सागर डिष्टिलरी पूर्ण रुपमा निर्माण सम्पन्न भई मिति २०७८/०८/२७ देखि सञ्चालनमा आईसकेको ।

**(उ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रास्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य बूँदाहरु :**
**संस्थाले खरिद गरेको उपकरणको मूल्यः**
संगठित संस्थाले डि.एम प्लान्ट, बोतलिङ प्लान्ट र प्याकेजिङ मेसिनरी वापत् जम्मा रु.४०,८६६,२२७।- (आ.व. २०८१।८२ को असार मसान्त सम्म ह्रासकट्टी सहित) मा खरिद गरी जडान भइसकेको छ ।

**(ऊ) कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको ।

**(ए) उत्पादन सम्बन्ध आयोजना भए सो को प्रकृति प्रयोगकर्ता प्रतिस्पर्दा लक्षित समूह, उत्पादन क्षमता, विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :** कम्पनीले उत्पादन गर्ने वस्तु मदिरा हो । यसको लक्षित वर्ग प्रचलित कानुन अनुरुप मदिरा सेवन गर्न योग्य व्यक्तिहरु हुन् । कम्पनीले आ.व. २०७८।७९ बाट उत्पादन प्रारम्भ गरी नेपाली बजारमा विक्रि वितरण गरेको छ र उद्योगको वार्षिक उत्पादन क्षमता ५०,१०,००० लि. रहेको छ । कम्पनीले आ.व. २०८०।८१ मा १,०९,१०२ केस मदिरा उत्पादन गरी विक्रि वितरण गरेको छ भने आ.व. २०७९।८० र २०७८।७९ मा क्रमश: ३२,७८० केस र ५८,२१७ केस मदिरा विक्रि वितरण गरेको छ । साथै, आ.व. २०८१।८२ को जेठ मसान्तसम्ममा ७६,३२४ केस मदिरा उत्पादन गरी विक्रि वितरण गरेको छ ।

**(ऐ) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** यस कम्पनीको उत्पादनमा प्रयोग हुने कच्चा पदार्थहरु जस्तै Rectified Spirit, ENA, Malt, Flavour, Glass Bottles, caps, labels, packaging materials (carton, box), आदी हुन् । Rectified Spirit र ENA घरेलु उद्योगहरु जस्तै चिनी उद्योग तथा अन्य डिष्टिलरी उद्योगहरुबाट आपूर्ति गरिन्छ । त्यसैगरी कम्पनीले स्कटल्यण्डबाट Malt आयात गरी मदिरा उत्पादनमा प्रयोग गर्दछ । कम्पनीले Flavour तथा अन्य आवश्यक कच्चा पदार्थहरु भारत तथा अन्य देशबाट आयात गर्दछ भने Glass Bottles, caps, labels र अन्य packaging materials (carton, box) घरेलु बजारबाट तथा भारत र चीनबाट आयात गर्दछ ।

**(ओ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत** : कम्पनीले उद्योग संचालनका लागि देहाय बमोजिम अनुरुपको विद्युत, पानी, ग्यासको मात्रा रहेको छ तथा सो को श्रोत देहाय अनुरुप रहेको छ ।

| क्र.सं. | विवरण | आवश्यक मात्रा | श्रोत |
|---|---|---|---|
| १ | विद्युत | ६३० के.भी.ए | नेपाल विद्युत प्राधिकरण |
| २ | पानी | ६०,००,००० लि. | खानेपानी संस्थान तथा ट्युब वेल |
| ३ | ग्यास | लागू नहुने | लागू नहुने |

**(औ) सार्वजनिक निष्कासनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु सम्बन्धी विवरण :**

(१) **निष्काशन तथा बिक्री प्रबन्धकलाई दिईने शुल्क** : रु. ३,००,०००/–

(२) **ट्रष्टि (डिवेन्चर/बण्ड निष्काशनको हकमा):** निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।

(३) **प्रत्याभूतिकर्ता** : नबिल स्टक डिलर लि., दरबारमार्ग, काठमाडौं, प्रत्याभूति शुल्क रु. ३,१६,८००/– र नबिल इन्भेष्टमेन्ट बैंकिङ लि., नक्साल, काठमाडौं, प्रत्याभूति शुल्क रु. ३,३०,०००/–

(४) **विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क :** वित्तिय प्रक्षेपण तयार गरिदिने विशेषज्ञलाई सेवा शुल्क वापत रकम रु. ३०,०००/- बुझाइने छ ।

(५) **लेखापरीक्षकको शुल्क:** लेखा परिक्षकलाई दिने शुल्क रु. १,००,०००/- मु.अ.कर बाहेक ।

(६) **अन्य:** सूचना प्रकाशन, आवेदन प्रशोधन लगायतका अन्य खर्चहरु बिल बमोजिम ।

**ग.१०.ग) सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण:** सो नभएको ।

**ग.१०.घ) प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्य :** शेयरको मूल्यमा प्रिमियम थप गरिएको छैन ।

**ग.१०.ङ) धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण:**

**(अ)अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :**

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरु :** नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई सुरक्षित गरिएको सर्वसाधारणहरुमा निष्काशन गरिने १४,५२,००० कित्ता शेयरको १० प्रतिशले हुन आउने १,४५,२०० कित्ता साधारण शेयरका लागि नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुबाट अत्यधिक माग भई आएको अवस्थामा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरिनेछ । कम्पनीले वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई खरीद गर्न आह्वान गरेको शेयर पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा वा न्यून माग भएमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा (४) ख को उपदफा (६) मा भएको व्यवस्था बमोजिम उक्त बाँकी रहेको शेयरहरु सर्वसाधारण समुहमा थप गरी जारी गरिने छ ।

**सर्वसाधारण शेयरधनीहरु :** यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागी दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ । यदी निष्काशन गरिएको अवधि भरमा समेत सर्वसाधारणहरुबाट साधारण शेयर खरीदका लागि शेयर संख्या भन्दा न्यून संख्यामा शेयर खरिदको माग भई आएको अवस्थामा बाँकी रहेको शेयर प्रत्याभूतिकर्ताबाट प्रत्याभूति सम्झौतामा उल्लेख भएको शर्त बमोजिम खरीद हुनेछ । त्यसैगरी शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

**(आ) अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था:**

शेयर विक्री बन्द भएको मितिले धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा २९ मा व्यवस्था भएको समय भित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयर बाँडफाँड पत्र र रकम फिर्ता भुक्तानी पूर्जा दिइनेछ । कथम्कदाचित उक्त समय अवधिभित्र बाँडफाँड गर्न नसकेमा आवेदकलाइ दरखास्त वापत जम्मा गरेको रकम फिर्ता भुक्तानी गर्नु पर्नेछ । आस्वा अनिवार्य भएको अवस्थामा "धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २० अनुरुप आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको सम्वन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरीदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिनेछ ।

**(इ) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :**

उपरोक्त व्यवस्था आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने भएकाले सो आवेदकहरुको हकमा लागु हुने छैन ।

**(ई) धितोपत्रको बाँडफाँट तथा प्रमाण पत्र जारी सम्बन्धी प्रकृया र समयावधी :**

निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचीकरण भए पश्चात "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ ।

(उ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोबार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :** हाल सम्म सूचिकरण भैनसकेको ।

(ऊ) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद र बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**
यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरी दोस्रो बजारमा कारोबार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण गराई शेयर खरिद बिक्रीको गर्ने व्यवस्था मिलाइनेछ ।

**ग.१०.च) प्रत्याभूति सम्बन्धी विवरण:**

**(अ) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम:**
यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको शत प्रतिशतले हुने १४,५२,००० कित्ता साधारण शेयरको लागि रु. १४,५२,००,०००/- रकम बराबरको प्रत्याभूति सेवा देहाय बमोजिमका कम्पनीद्वारा प्रदान गरिएको छ ।

| क्र.सं. | प्रत्याभूतिकर्ताको नाम | ठेगाना | प्रत्याभूत शेयर कित्ता | प्रत्याभूत गरिएको रकम (रु.) | कमिशन रकम (रु.) | सम्झौता बहाल रहने मिति |
|---|---|---|---|---|---|---|
| १ | नबिल स्टक डिलर लि. | दरबारमार्ग, काठमाडौं | ७,९२,००० | ७,९२,००,०००।- | ३,१६,८००/– | २०८२/०६/२० |
| २ | नबिल इन्भेष्टमेन्ट बैंकिङ लि. | नक्साल, काठमाडौं | ६,६०,००० | ६,६०,००,०००।- | ३,३०,०००/– | २०८२/०६/०९ |
| **जम्मा** | | | **१४,५२,०००** | **१४,५२,००,०००।-** | **६,४६,८००/–** | |

**(आ) धितोपत्र प्रत्याभुतिकर्ता संग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरुः**
यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको माथि उल्लेखित प्रत्याभूतिकर्तासँग मुख्य बुँदाहरु देहाय बमोजिम रहेको छ।

१. प्रत्याभूतिकर्ताहरुले क्रमशः ७,९२,००० र ६,६०,००० कित्ता शेयरहरुको लागि प्रत्याभूति सेवा प्रदान गरेको छ ।
२. प्रत्याभूति सेवा प्रदान गरे वापत यस संस्थाले नबिल स्टक डिलर लि.लाई रु. ३,१६,८००/– र नबिल इन्भेष्टमेन्ट बैंकिङ लि.लाई रु.३,३०,०००/– सेवा शूल्कको रुपमा दिइने छ । उक्त रकम कम्पनीले सम्झौता गरेको सात दिन भित्र पछि फिर्ता नहुने गरी प्रदान गर्नेछ ।
३. प्रत्याभुतिकर्ताको दायित्व आफुले कबुल गरेको हदसम्म मात्र सिमित हुनेछ । कथंकदाचित् कुनै एक पक्षले पुरा गर्नुपर्ने आर्थिक दायित्व पूरा नगरेमा अर्को पक्षले सो पूरा गराउन प्रचलित ऐन नियम अनुसार कारवाही गर्न सकिनेछ ।
४. यस विवरणपत्र अनुसार जारी गरिने सम्पुर्ण साधारण शेयरहरुका लागि आवेदन प्राप्त भएमा प्रत्याभुतिकर्ताको दायित्व स्वतः पूरा हुनेछ।
५. यस सम्झौताको ब्याख्यामा वा कार्यान्वयनमा मतभिन्नता भएमा वा विवाद उत्पन्न भएमा सबै पक्षको सहकार्यमा विवाद निरोपण गरिनेछ । सो बाट विवाद निरोपण नभएमा प्रचलित ऐन बमोजिम विवाद निरोपण गरिनेछ ।
६. नबिल स्टक डिलर लि. सँगको सम्झौताको हकमा मिति २०८१/१२/२१ गते देखि ६ महिनाको लागि मात्र मान्य हुनेछ । नबिल इन्भेष्टमेन्ट बैंकिङ लि.सँगको सम्झौताको हकमा मिति २०८१/१२/१० गते देखि ६ महिनाको लागि मान्य हुनेछ । सबै पक्षको सहमतिमा सम्झौतालाई पुनः नवीकरण गर्न सकिनेछ ।

**ग.१०.छ) आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :**

**(अ) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण,**
यस विवरणपत्र अनुसार निष्काशन गरिएका शेयरको बाँडफाँडमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**(आ) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सोभन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण,**

१. कम्पनीको रजिष्टर्ड कार्यालय नवलपुर जिल्ला, देवचुली नगरपालिका-१ तथा यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल लिमिटेड, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी कम्पनीको प्रबन्धपत्र तथा नियमावली प्राप्त गर्न वा हेर्न सकिनेछ ।
२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा आयोजना प्रभावित क्षेत्रका दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/– का दरले हुन आउने एकमुष्ट रकम निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ ।

आयोजना प्रभावित क्षेत्र बाहेकका सर्वसाधरण दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/– का दरले C–ASBA प्रणाली मार्फत आवेदन दिन सक्नेछन् ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० कित्ता भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १०,००० कित्ता सम्म साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिनु सक्नेछ ।

**(इ) आवेदन दिँदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरुः**

**वैदेशिक रोजगारमा रहेका नेपालीहरुको हकमा :**

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई विदेशमा बसी रोजगारी गरिरहेका नेपालीहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन् ।

२. यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धि कार्य गर्न अनुमति प्राप्त आस्बा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।

३. शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।

४. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट प्रदान गरिने अनलाईन पोर्टलहरुबाट पनि डिम्याट खाता खोल्न सक्नेछन् ।

५. निष्काशित शेयरमा आवेदन दिई बाँडफाँडमा परेका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन्।

६. आस्बा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

७. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् ।त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ ।

८. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुँदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

९. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :

क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।

ग. खरिद गर्न चाहेको धितोपत्रको संख्या -अंक र अक्षरमा ।

घ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम -अंक र अक्षरमा ।

ब. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

च. आवेदकको हितग्राही-डिम्याट खाता नम्बर ।

१०. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय (Dormant) रहेको हुनु हुदैन ।

११. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ ।

१२. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ ।

१३. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

१४. धितोपत्र बाँडफाँड गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

१५. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

१६. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

१७. वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० कित्ता र सो भन्दा बढीका लागि १० (दश) अंकले भाग जाने संख्यामा अधिकतम ७,००० (सात हजार) कित्तासम्मका लागि आवेदन दिन सकिनेछ ।

**सर्वसाधारणको हकमा :**

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन ।

२. यस विवरणपत्रबाट निष्काशन हुने धितोपत्र खरिदका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशन प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन्।

३. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाल(ASBA)अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका,२०७४को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

४. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।

५. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुँदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

६. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्ट सँग आवेदन फारम भरीबुझाउनु पर्नेछ :
   - क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।
   - ख. आवेदकको नाम, थर, ठेगाना, नागरिता नं., दस्तखत , सम्पर्क फोन नं., इमेल ।
   - ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
   - घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।
   - ब. खरिद गर्न चाहेको धितोपत्र बापतको रकम (अंक र अक्षरमा) ।
   - च. आवेदकको खाता रहेको बैंक/वित्तीय संस्थाकोनाम, ठेगाना, खाता नं. र खाताको किसिम
   - छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर ।

७. आवेदकले आवेदन दिँदा सि–आस्वा सदस्य बैंक/वित्तीय संस्थाहरुमा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय रहेको हुनुहुँदैन ।

८. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ ।

९. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्ध गरिनेछ ।

१०. वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि निष्काशन गरिएको शेयरमा बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैनन्। यदि आवेदन गरेको पाईएमा सो आवेदन स्वतः अयोग्य ठहरिने छ ।

११. धितोपत्र खरिदका लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा नियमक निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई आदेश बमोजिम गरिनेछ ।

१२. धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१३. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

